DS
493
P89+

प्राचीन नेपाल

पुरातत्त्व विभागको मुखपत्र

ANCIENT NEPAL

Journal of the Department of Archaeology

NUMBER 4 संख्या ४
July 1968 श्रावण २०२५

सम्पादक
रमेशजङ्ग थापा

Edited by
Ramesh Jung Thapa

Publishedby
The Department of Archaeology
His Majesty's Government
Kathmandu, Nepal

प्रकाशक
श्री ५ को सरकार
शिक्षामंत्रालय, पुरातत्त्व विभाग,
कान्तिपुर, नेपाल

प्राप्तिस्थान:
साझाप्रकाशन
पुलचोक, काठमाडौं

To be had of:
Sajha Prakashan
Pulchok, Kathmandu

मूल्य रु. ५।–

Price Rs. 5/–

Printed at the Jore Ganesh Press Pvt. Ltd. Kathmandu

प्राचीन नेपाल
संख्या ४
श्रावण २०२५

Ancient Nepal
Number 4
July, 1968

सम्पादकमण्डल

रमेशजङ्ग थापा
नीलरतन बनर्जी
बुद्धिसागर पराजुली
सी. आर. स्वामिनाथन्

Editorial Board

Ramesh Jung Thapa
N. R Banerjee
Buddhisagar Parajuli
C. R Swaminathan

विषयसूची

Contents

	पृष्ठ	Page
टिप्पणी र समाचार	क	a
काठमाण्डू उपत्यकाको एक राजवंशावली		
बालचन्द्र शर्मा	१	1
मकवानपुरको सेनवंश		
मातृकाप्रसाद कोइराला	१६	16
नेपालमा शैव र बौद्धधर्मको समन्वय		
चूडानाथ भट्टराय	१९	19
वास्तुको अन्तर्गत यज्ञमण्डप		
बुद्धिसागर पराजुली	२१	21
सिद्धिनरसिंह मल्लका ताडपत्र तमसुकहरू		
शंकरमान राजवंशी	२३	23
वराहक्षेत्र र केही अन्य स्थल		
जनकलाल शर्मा	२७	27
Three early sculptures in stone from the National Museum, Kathmandu		
N. R. Banerjee & B. K. Rijal.	३७	37
A Eulogy on the Great King Prithvinarayan Shah.		
C. R. Swaminathan	४४	44
Hinduism and Buddhism in Nepal		
G. C. Shastri	४८	48

टिप्पणी र समाचार

श्री ५ को सरकार पुरातत्त्व विभागका तर्फबाट यस बीचमा प्रकाशन, अनुसन्धान, प्रदर्शन, जीर्णोद्धार तथा संग्रहालय सुधार आदिका सम्बधमा विभिन्नकार्यक्रम–हरूको आयोजना गरियो । श्री ५ को सरकार पुरातत्व विभाग, जापानको युमुरी सिम्बुन पत्रिका तथा रीशो विश्वविद्यालयको संयुक्त आयोजनामा टोकियोको प्रसिद्ध "ओड्याक्यू डिमार्टमेन्टल स्टोर" को भवनमा नेपाली कला प्रदर्शनीको आयोजना गरियो ।

यस प्रदर्शनीमा नेपालको गौरवमय प्राचीन कला-कृतिको प्रभावशाली व्यक्तित्व प्रस्तुत गर्नका निम्ति धातु, प्रस्तर, काष्ठकला, चित्रकला आदिका प्रतिनिधि वस्तुहरूको छनौट गरियो । यस अवसरमा तिलौराकोटको पुरातात्विक उत्खननमा प्राप्त अवशेष पनि प्रदर्शित गरिएका थिए । प्रदर्शनीलाई प्रतिदिन करीब तीन हजार मानिसले हेरे । यो प्रदर्शनी जापानको अन्य शहरहरूमा पनि आयोजित गरिनेछ । यस अवसरमा युमुरी सिम्बुनको निमंत्रणामा नेपालको प्रतिनिधित्व पुरातत्त्व निर्देशकद्वारा गरियो ।

उपत्यकाको प्राचीन मूर्तिहरूको योजनाबद्ध तरीकाले अध्ययन तथा सर्वेक्षण गर्ने कामको शुभारंभ गरिएको छ। एउटा निर्धारित विवरण तालिकामा क्रमबद्ध तरीकाले अप्राप्य तथा प्राचीन मूर्तिहरूको सूची तैयार गर्ने काम विभागीय विशेषज्ञद्वारा भइरहेको छ। मूर्तिकलाको क्षेत्रमा नयां नयां खोज गर्न र नेपाली कलाको मौलिकता पत्ता लगाउन यो अभियान उपयोगी सिद्ध हुनेछ ।

पुरातत्व निर्देशकको अध्यक्षतामा गठित गुठी जीर्णोद्धार तथा निर्माण समितिबाट विभिन्न स्मारकहरूको जीर्णोद्धार तथा पुनरुद्धारको काम योजनाबद्ध तरीकाले भइरहेको छ । तिलौराकोटमा भइरहेको पुरातात्विक उत्खननलाई जेष्ठ महीनाको पहिलो सातादेखि केही महीनाका निम्ति स्थगित राखिएको छ । अब आउने महीनाहरूमा यस पटक अपेक्षाकृत लामो अवधिसम्म भएको उत्खननकार्य-मा प्राप्त अवशेषहरूको तुलनात्मक अध्ययन तथा अनुसन्धान, ड्रइंग, फोटोग्राफी तथा अन्य वैज्ञानिक विवरण तैयार गर्ने काम गरिनेछ ।

रमेशजङ्ग थापा

काठमाण्डू– उपत्यकाको एक राजवंशावली को सम्पादकीय टिप्पणी

काठमाण्डू उपत्यकाको राजवंशावली अंग्रेजीमा अनुवाद गराई प्रचारित गर्नेहरूमा डाक्टर राइटको नाम सर्वाधिक प्रसिद्ध छ । यिनीद्वारा सम्पादित वंशावली १८७७ ई. मा कैम्ब्रिजबाट प्रकाशित भएको थियो । यसभन्दा अघि कर्नल कर्कपेट्रिकले लण्डनबाट १८११ ई. मा प्रकाशित गराएको वंशावली नेपालविषयक अंग्रेजीको सबभन्दा पहिलो ग्रन्थ होला । अनि काठमाण्डू उपत्यकाको वंशावलीको अंग्रेजी अनुवाद बम्बईबाट प्रकाशित हुने "इन्डियन एन्टिक्वेरी" नामक पुराअनुसन्धान पत्रिकामा प्रकाशित भयो । नेपालको प्राचीन इतिहास र संस्कृतिका अध्येताहरूले वंशावलीका यी अनुवादहरूबाट पर्याप्त लाभ पाएका हुन् । आज पनि यी वंशावलीहरूको सम्बन्धमा जसले जेसुकै भने तापनि तिनमा भएका कुराको खण्डन वा समर्थन गर्दै नेपालका इतिहास लेखिएका छन् । किन्तु, वंशावलीका यी अंग्रेजी अनुवाद ज्यादै अघि प्रकाशित भएकोले तिनको उपयोग गर्न पाउनु सर्वसाधारणको निमित्त उति सजिलो छैन । फेरि आफ्नू वंशावली अर्को कुनै भाषामा अनुवादद्वारा पढेर त्यसको उपयोग गर्दा हाम्रा स्वदेशी अध्येताहरूलाई अलि कस्तो कस्तो लाग्नु पनि स्वाभाविक भएकोले आफ्नै भाषामा प्राप्त आफ्नू वंशावलीको कुनै संस्करण वाञ्छनीय भएकोले यो वंशावली यहां प्रकाशित गर्नु उचित लाग्यो ।

वंशावलीको यो संस्कारण सुब्बा भूपालमानसिंह प्रधानबाट प्राप्त भएकोले उहांप्रति कृतज्ञता ज्ञापन गर्दछु ।

यसको प्राप्त प्रतिमा लेखाइको पुरानूपन हुनु स्वाभाविकै छ । वर्णनको शैली र त्यसको विषयको अनुरूपनै त्यसको भाषा पनि भएकोले सम्पादन गर्दा त्यसलाई यथाशक्य मूलकै नजीक राख्ने प्रयत्न गरिएको छ । शब्दका हिज्जेमा परिवर्तन गर्दा मूलशैलीको विकृति नहुने भएकोले यथावश्यक स्थानमा यस्तो संशोधन गरिएको छ । मूल प्रतिमा जुन शब्द सन्दिग्ध लागे त्यस्ता शब्दका पछाडि कोष्ठभित्र प्रश्न चिह्न दिइएका छन् ।

वंशावलीलाई आधुनिक "इतिहास" नभन्ठान्नु भूल होला । किन्तु, विशेष गरी पूर्वी देशहरूको इतिहासको चर्चा गर्दा त्यसलाई कुनै महत्व नदिनु पनि त्यत्तिकै भूल होला । स्मरणीय छ, कुनै विषयको प्रतिपादनमा स्थानीय समाजको अवस्थाको मौलिकताको सबभन्दा ठूलो प्रभाव पर्नु स्वाभाविक छ । दृष्टान्तस्वरूप प्राचीन यूनानीहरूको जीवनमा भौतिकताको सर्वोपरि स्थान थियो । सानसाना नागरिक राज्यमा विभाजित त्यसको जनजीवनको सर्वोच्च आकांक्षा त्यसैले भौतिक शक्तिकै प्रदक्षिणा गर्दथ्यो । प्रभावशाली वक्ता, शक्तिशाली योद्धा, व्यवस्थापटु अधिकारीहरू यूनानी जीवनका सबभन्दा आदरप्राप्त व्यक्ति हुन्थे । उनको यो भूताश्रयी दृष्टि उनको कलाकौशल र लेखनशैलीमा पनि अभिव्यक्त छ । अतएव उनका इतिहासकारहरूले घटनाकाल, घटनास्थल, तिनका नायक, घटनाको प्रभाव आदिका सम्बन्धमा पनि मुख्य ध्यान राख्नु कुनै अनौठो कुरो होइन । किन्तु पूर्वी संसारको जनजीवन यसभन्दा भिन्नै छ । यहां भौतिक जीवन गौण र आध्यात्मिक जीवन प्रमुख मानिंदै आएको छ । कहांसम्म भने राजनैतिक जीवनमा पनि यसको यथार्थता कायम नैं देखिन्छ । झन् नेपाल त दुर्गम पहाडका पर्खालभित्र अवस्थित देश हो, यहांसम्म अन्यत्रका प्रभाव परिश्रमसाथ र ढीलै आइपुग्न सक्तछन् । यहांको जीवन र त्यसका मान्यतालाई अरू कुनै देशका जीवन र त्यसका मान्यतासित यति सजिलैसित दांज्नु युक्तिसंगत नहोला । यसै कारण जहां हेरेडोटसका लेखाइमा यूनानीहरूको प्राचीन पदार्थवादी जीवनको फोटो छ, त्यहां नेपालका वंशावली, राजस्थानका ख्यातिहरू र हाम्रा पुराणहरूमा समाजका धार्मिक जीवन एवं त्यसप्रतिको मोहको मनोभावको चित्रण छ । हामीले आफ्ना वंशावली-

हरूको अध्ययन गर्दा त्यसका प्रणेताको यो मौलिक दृष्टिको विचार अवश्य राख्नुपर्दछ ।

विशेष गरी काठमाण्डू उपत्यकाको वंशावलीमा यहांका देवीदेवताको यात्रा, यहांका शासक र सर्वसाधारणको धार्मिक कृत्यको बडो उत्साहसाथ वर्णन गरिएको पाइन्छ। वस्तुत: यहांको राजनीति र समाजनीतिको यही मुख्य पांग्रा थियो । वर्तमान काठमाण्डूलाई हेर्दा पनि यो कुरा राम्ररी बुझ्न सकिन्छ । आज पनि यस मौलिक दृष्टि-कोणमा ठूलो अन्तर परेको देखिन्न ।

भनाइको तात्पर्य यो हो आधुनिक विचारले नेपालको इतिहास लेख्न बस्ता प्राप्तवंशावलीहरूलाई "इतिहास" नै नभन्ठानी त्यसलाई इतिहासको एक "सामग्री" को रूपमा अंगीकार गर्नु श्रेयस्कर छ । यसबाट राज-मालाको धेरैजसो क्रमवद्ध श्रृंखला पाइन्छ जो इतिहासका अरू सामग्रीद्वारा जांच्ता पनि धेरै अंशमा उपयोगी नै ठहर्दछ ।

वंशावलीको वर्णनले कमसे कम समाजको दृष्टिकोणको तस्वीर त अवश्य पेश गर्दछ, र यो देशको सांस्कृतिक जीवनको अध्ययनमा अवश्य नै काम लाग्ने विषय छ ।

नेपालमा आजसम्म पाइएका वंशावलीहरूका मुख्य विषयहरूमा पारस्परिक विरोध छैन । निश्चय नै कुनै बंशावलीमा बौद्धधर्मको केही बढ्ता रंग भेटिन्छ र कुनैमा हिन्दूधर्मको । यो वंशावलीका प्रतिहरू तयार पार्नेहरूको मौलिकतामा निर्भर भएको स्पष्ट छ । तर, जे भए पनि तिनमा कुनै धार्मिक पक्षपात अथवा कलह भेटिन्न । यी वंशावलीहरू पनि यसरी नेपाली जीवनको सबभन्दा ठूलो मौलिकताका समर्थक नै छन् जो धार्मिक सहिष्णुता हो ।

वंशावलीहरूको मौलिक एकरूपताको आधारमा तिनको मूल लेखक एउटै व्यक्ति हो कि भन्ने जस्तो पनि लाग्दछ । सम्भव छ कुनै समयमा एउटा व्यक्तिले "गोपाल वंशावली" जस्तो कुनै वंशावलीको एक प्रति तयार पार्योहोला जसबाट परम्परागत रूपले पछिपछि विभिन्न थपघटसम्म भएका अनेक अनेक प्रति तयार भए । विचारणीय छ वंशावलीका प्रारम्भिक अंशमा देखिएको एकनासेपनाको निर्वाह पछिल्ला अंशमा भएको छैन । यो कुरा मल्ल-वंशको अघि र पछिका अंशहरूको विचार गर्दा अझै स्पष्ट हुन आउंछ । सम्भव छ जयस्थिति मल्लले लाभू संक्रमण-कालपछि आफ्नू बलियो हातमा सत्ता धारण गरेर नयां स्थिति बसाल्दा उनैले कुनै वंशावली तैयार पार्न लगाए अथवा त्यसैका परोक्ष प्रभावले नेपालको पुरानो व्यवस्थाको कुनै जिज्ञासुले कुनै वंशावली आफ्नै प्रेरणाले लेख्न थाल्यो-होला । स्मरणीय छ लगभग यसै समय भारतमा पनि समाजको इतिवृत्तात्मक लेखप्रति आकर्षण उत्पन्न हुन लागेको थियो ।

तर, आश्चर्यको कुरो यो हो आजसम्म प्राप्त यस विशेष क्रमका धेरैजसो वंशावली नेपाली भाषामा लेखिएका भेटिन्छन् । निश्चय नै यसको प्रणेता काठमाण्डू उपत्यकाकै निवासी हो । कारण, गोरखा र बाईसे चौबीसे राज्यका महत्वपूर्ण घटनाहरूप्रति पनि यो वंशावली मौन नै छ ।

यसमा एक अर्को कुरा पनि विचारणीय छ, त्यो यो हो यसमा राणाशासनका अलिकति पनि विरुद्ध हुन सक्ने कुरालाई ज्यादै चतुरताका साथ पन्छाइएको छ । उदाहरणस्वरूप चीन नेपाल युद्ध ज्यादै जोगाएर वर्णन गरिएको छ, अंग्रेजसितको युद्धको अति साधारण उल्लेख छ, गगनसिंह र माथवरसिंहको हत्याराको उल्लेख ज्यादै सावधानीसाथ पंछाइएको छ । यिनै आधारमा अनु-मान हुन्छ चाहे वीरपुस्तकालयमा भएको "गोपालवंशावली" जस्तो कुनै मूल रचनाको विस्तारमा प्रस्तुत वंशावली-हरूका विभिन्न प्रतिहरू तैयार हुन सके तापनि राणा-कालको कुनै समयमा कारणवश तिनमा कुनै किसिमले एकरूपता आउनगयो । यी प्राप्त वंशावलीहरूको भाषा र यिनका प्रतिहरूको प्राचीनताले पनि तिनलाई वंशावली-ह लेखिने वा सारिने क्रमले राणा शासनको कठोर नियन्त्रणबाट त्यसको प्रभावसहित छिर्नु परेको स्पष्ट गर्दछ ।

"गोपालवंशावली" हाम्रो देशबाट प्रकाशित हुने एक महत्वपूर्ण पत्रिकामा प्रकाशित भइसकेको छ । प्रस्तुत वंशावली त्यससित र अरू पनि प्राप्त ऐतिहासिक साधन-सित दांज्दै उपयोगमा ल्याइएमा नेपालको इतिहासमा जिज्ञासा राख्ने व्यक्तिलाई अनुसन्धानको नयां विषय र साधन उपलब्ध होला भन्ने आशा गर्दछु ।

—*बालचन्द्र शर्मा*

काठमाण्डू– उपत्यकाको एक राजवंशावली*

–सम्पादक बालचन्द्र शर्मा

श्री गणेशाय नमः ।। आदौ नेपालले सकल शास्त्र प्रसिद्ध आदि जुगान श्री श्री पशुपतिनाथ विराजमान भयाका छन् ।। यी नाथका आदि अन्तकन ब्रह्मा, विष्णु, शिवले पनि जान्न सक्तैनन् ।

यहांदेखि उप्रान्त केही समयमा श्री महादेवकन दक्ष प्रजापतिले अपमान गऱ्याका सुन्न नसकी सतीदेवीले प्राण त्याग गरिन् र श्री महादेवले सतीदेवीकन बोकी फिर्दा समयमा यो पृथ्वीतलविषे देवीका शरीर जहांजहां खस्या तहांतहा पीठ रूपी शिवशक्ति भया र कामरूपी पीठमा वक्षस्थल खस्या र वच्छलादेवी भयिन् । त्यही क्रमले नेपालमध्ये गुह्यस्थान पतन हुंदा श्री गुह्यकाली भनी महापीठ भया । यिनै गुह्यकाली देवीले महादेवसित आदि शक्ति म हुं भनी विवाह गर्ना इच्छाले हिमालय पर्वतबाट मैनाका गर्भदेखिन् जन्म लिन गयिन् र पर्वतराजले श्री पशुपतिनाथकन पुत्री कन्यादान दी पशुपतिपुरमा पठाउँदा अनेक सुवर्णादि दाइजो दिई पठायाको यो नेपाल पुरी हो । यस पुरीमा शिवशक्ति भई मृगस्थलीमा आनन्दसित विराजमान भैरह्याका ब्रह्मादि देवताले सुनेर यस पृथ्वीमण्डलविषे आनन्दपुरी भनेको यही नेपाल पुरी हो भनी शास्त्रप्रसिद्ध ठहरायीकन ब्रह्माका आज्ञाले सबै देवता आयी तपस्या गरी यो पुरी गुप्त पुरी हो भनी आपना आपना सुगम हेरी सबै ब्रह्माद्धि देवता विराजमान हुंदा भया । तसर्थ यही नेपाल पुरी गुप्त पुरी हो भनी लेखियाको छ । वडावडा दिन तिथि भयामा अनेक मुनि आदि सबै देवतासहित गै वारंवार अनेक तीर्थजात्रा सदाकाल गर्दछन् ।

फेरि द्वापर युगका अन्तमा आर्यतीर्थमा मरण हुनाले नेपालविषय पश्चिम भागमा चन्दागिरि पर्वत भनी देवताहरूले वनाई राख्याका, सुप्रभा नाउं देशविषय धर्मद राजा भनी कहलायी जन्म हुनआयो । तिनले यस शहरमा राजा भै नेपाल पुरीका महिमा वताया । हे महाराज धर्मदत्त, यो नेपाल वडो प्रत्यक्ष पुरी हो । ब्रह्मादि देवता सव विराजमान भै रह्याका छन् । मनुष्यको गम कहिले पनि छैन । देव·····मूर्ति चतुर्थ भैरह्याका छन् । आदि श्री गणेश मूर्ति ४, त्यसमध्ये चावहेलका स्वेतविनाक १, चोभारका चन्द्र विनायक २, दक्षिणकाली २, दोलखाको मोगकाली ३, गुह्यकाली ४। यही क्रमले कुमारी ४ क्वाछे कुमारी १, ठिमी वालकुमारी २, मयमती वालकुमारी ३ कुमारी डोल वालकुमारी ४। गंगा ४,वागमती १,मणिमती २, रुद्रमती ३, विष्णुमती ४ खोलो ४, प्रभावती १, हनुमती २, सकुमती ३, भानुमती ४। वाराहीं ४, श्वेतवाराही भन्याका उत्तर १, नीलवाराही पूर्व २, वज्रवाराही दक्षिण ३, धनिल (घूमिक धूम्र वाराही) पश्चिम ४। योगिनी ४, ब्रह्म कुमारी सिद्ध भै मिलन आयाकी हुन् १, वज्रयोगिनी २, नीलतारा योगिनी ३, गुरु योगिनी ४। नारायण ४, चांगु नारायण छिन्नमस्ता समेत १, शेषनारायण सेखुलिगणेश समेत २, इचंगु नारायण माहेश्वरी समेत ३, चयेंलु नारायण चण्डेश्वरी समेत ४, महालक्ष्मी ४, वोडे महालक्ष्मी १, लुंभु महालक्ष्मी२, खोकना महालक्ष्मी ३, थछे पूर्वपट्टि लगनखेलका दिव्य पीठमहालक्ष्मी४। वैष्णवी ४,पंगा वैष्णवी १,त्वडल(?) वैष्णवी २ इचंगु वैष्णवी ३, भाजंगु वैष्णवी ४, यति देवताहरू आदि युगदेखिका हुन् । फेरि यिनै युगमा मानसरोवरदेखि शिला नदी तरी कन आयी जयवागेश्वरी कहलायिन् । यी देवी श्री पशुपतिको पश्चिम भागमा विराजमान भयाकी छन् । यी देवीकन प्रमथगण आई वडा नियम गरी तीर्थका जलले आवाहन गरी शुद्ध तीर्थ साधन गरी वनायी दिया । यसै दिनदेखि यी यस पुरीको ग्रामदेवी अधिकारी भयाको हुन् । पशुपतिका पश्चिमपट्टि ग्राम-

---

*महामहिम श्री बालचन्द्र शर्मालि सम्पादन गर्नुभएको यो वंशावली प्राचीन नेपालका आगामी अंकहरूमा क्रमशः पाठकका समक्ष प्रस्तुत गर्नेछौं । सं.

रक्षक काली तिनै हुन् ।

फेरि कामरूप देशदेखि कामाक्षा आई राजराजेश्वरी भनी कहलायी पशुपतिका दक्षिणतर्फ विराजमान भयाकी छन् । यिनी पछि नवदुर्गा भनी प्रकाश भयीन् । ब्रजेश्वरी १, कोटेश्वरी २, श्रृंगेश्वरी ३, भुवनेश्वरी ४,। मंगलेश्वरी ५, गुह्येश्वरी ६, वछलेश्वरी ७, राजेश्वरी ८, जयनागेश्वरी ९, यी देवी मूलमती भै रक्षा गरी विराजमान हुंदी भयिन् ।

तहांदेखि केही कालपछि प्रदक्षिणा कर्म गरी देवताहरू आई आफ्नाआफ्ना नाम गरी लिंग थापना गरी रहंदा भया ।

फेरि हिमाल पर्वतखंडयुक्त निमित चैत्यरूप भगवान् पद्मगिरि पर्वतमा आफैं आयी स्वयंभू भगवान् कहलायी प्रकाश भया । त्यस दिनदेखि महापीठ बन्यो । शिवलिंग-पशुपति,पीठ--वत्सला, चैत्य--स्वयंभू, मसान--करवीर यति ४--ले संयुक्त हुनाले शुद्ध महापीठ बन्याको हो ।

ज्योतिरूपसमं लिङ्गं वाग्मती च समा नदी ।
गुह्येश्वरीसमं पीठं नास्ति ब्रह्माण्डगोलके ।।

यस वचनले ऋषिमुनि देवताहरू आदि आयी यथाक्रमले तीर्थयात्रा, लिङ्गयात्रा, कुंडयात्रा, सवै यांहीं तीर्थ मैला गरी धेरै देवताहरू उद्धार भै गया ।

फेरि धेरै दिनपछि विरूपाक्ष नाम गरेका पापात्मा ब्राह्मण यतिले गुरु नेमुनि पायी नियम गरी सवै तीर्थयात्रा लिङ्गयात्रा गरी श्री मृगरूप पशुपति पुग्दा सिद्ध भै उद्धार भैगया । यिनको सिद्ध भयाको मूर्ति मृगेश्वरका वायांतिर दक्षिण मोहोडा गरियाको अद्यापि छंदैछ भनी यति कुरा घर्मदत्त राजाले सुनी धन्य पशुपति भनी केही दिन गयापछि उनका पुत्रपरिवार धेरै भैगया ।

घर्मदत्तका पुत्रहरूको नांउं हो वीरकेतु १, अश्वकेतु २, मानकेतु ३, रक्तकेतु ४, यती पुत्रकन राज्य गरायी आफुले यी नेपालपुरीका दर्शन गरूं भनी आउंदा अकस्मात शिवरात्रिका दिनमा रात्रिविषे धेरै तमाश देखियो र पशुपतिका समीपमा जांदा बाटो नपाई जान सकेन र तपस्याविना जान सक्ने छैन, तपस्या गरी जाउंला भनी धर्मेश्वर महादेवका स्थानमा जाई तपस्या गरी रहंदा महादेव प्रसन्न भै भेद वताया र धर्मदत्तले महादेवको आज्ञामा श्री गुह्येश्वरीमा गई फेरि तपस्या गरी तपस्या गरेका वेलामा महाष्टमीका दिन देवी प्रसन्न भै वरदान पाई देवीका आज्ञाले खड्ग वरदान पाई पशुपतिमा आई देवताहरूसित युद्ध गरी सवै देवताहरूकन जिती आफुले पुत्रपरिवारसहित गरी यो नेपालपुरीमा १०,००० दश हजार वर्ष राज्य गरी पशुपतिको वडो उंचो गरी लिंगाकार देवालय वनाया । वासुकीका पनि माफिक देवालय वनाई अनेक द्रव्य चढाई खुशी गराया ।

फेरि पशुपतिका वायव्यपट्टि चैत्य नारायण वनाया । गण आवर्णसहित वनाया । कोही प्रजाहरूकन वौद्धचार चलाया ।

फेरि जयवागेश्वरी कन तीर्थ सुवर्णधारा वनाई सुवर्ण मिश्रित शिलाका आसन वनाई देवीकन खुशी गराई अनेक धर्म गरी प्रजापुत्रसहित उद्धार भैगया ।

फेरि १००० हजार वर्ष वितिगयापछि दानासुर नाउं गर्‍याको कोही दैत्य मघेसतर्फबाट आई यिनै सुप्रभा नाउं गरेको नगरको राजा भै १००० वर्ष राज्य गर्‍यो । यही दैत्यले आफ्नी पुत्री प्रभावतीकन, जलविहार निमित्त नेपाल खाल्डाभित्र चोभारमा वागमती थुनी पुत्री प्रभावतीकन खेलाई राख्यो । १६ वर्षसम्म पानी थुनी राख्दा समयमा यस पोखरीका मध्यदेखि १ कमलका फुल उत्पन्न भै सिभूका मूर्तिमा सोझिन गयो र त्यो आदि पद्म कुसुम हो भनी सवै देवता ज्योतिशीहरूले भूप्रकाश गराया । यसै वेलामा मंजेश्वरी आई सिभू प्रकाश भयो भनी अंगले पारी जंगल गराई वस्ती भइन् । पद्मले छोयो भनी पद्मगिरि नाम भैगयो । यो पोखरी भयाको वेलामा वज्रयोगिनी, चांगुनारायण, फूलचोकी देवी, रक्षिणकाली, चोभार, सिभू (स्वयंभूनाथ) पशुपतिका ज्योत्ति कत्ति वलेन ।

केही कालान्तरमा दोलखादेखि भीमसेन आई पोखरीमा डुङ्गामा बसी भीमढुंगासम्म पुगी यसै खेल्दा डुंगाले मिची दैत्य पुत्री भगाया भन्या कुरा छ । डुंगा अद्यापि छंदै छ ।

यस्तो वागमती थुनी राख्दा श्री भगवान् नारायण श्री कृष्ण अवतार लियेपछि नेपाल आई दहवोकमा वसी

छोरा प्रद्युम्नलाई सुदर्शन चक्र दिई प्रद्युम्नले पानी थुनी वस्ने कच्छपासुरकन छेदन गरेर चोभार फोरी पानी खोली वागमती मधेस पठाई वागमतीको वरदान पाई असुरपुत्री प्रभावतीकन हरण गरी पिता श्री कृष्णसहित द्वारका जांदा भया ।

तहांदेखि नेपालपुरी अगम भैगयो । सुप्रभा नगर पनि उजाड भैगयो र १००० वर्षपछि भाटभटेनी भन्याको माता, पिता, पुत्र, देवता आकाश रूप भै आई विशालनगर नाम गरी शंखमूल आदि जलशयी नाराय-णसम्म गरी नगरमध्ये मार्गक्रम गरी वसाई ऋषिपुत्र क्षत्रियलाई स्वयंवृत नाम राखी राजा तुल्याई नगरको रक्षा गराया ।

यी स्वयंवृत राजाले नित्य वज्रयोगिनीमा गै नित्य कराहीमा तेल पकाई कराहीमा फालहाली डुवी पाक गरी आफ्ना मासु योगिनीहरूकन ख्वाई योगिनी खुशी गराई नित्यप्रति धेरै द्रव्य मागी ल्याई ब्राह्मणहरूकन नित्य दान गरी रहंदा भया ।

कोही दिनपछि यी योगिनी पीठमा १ वीर पुरुष जन्म भयो र तिनलाई रात्रिविषे स्वप्न भयो र यी वीर पुरुष नेपालमा आई स्वयंवृत राजासित चाकरी गरी वस्ता भया । स्वयंवृत राजाले आफ्ना नजीकमा राखी सोध्न लाग्या–"हे वीर पुरुष, तिम्रो नाम के हो ? पुरुषार्थ के छ ?" भनी सोद्धा, "हे महाराज ! मेरो नाउँ विक्रमादित्य हो, जो हुकुम होला म गरुंला" भन्दा राजाले ठहराई आफुसंग राखी फिर्दा भया ।

कोही एक दिनमा यी राजा (स्वयंवृत)ले नित्य द्रव्य ल्यायाको विक्रमादित्यले देखी एक दिन स्वयंवृत राजा नजांदै आफु गै आफ्ना अंग सवै चिरी मसला हाली तेलपाक कराहीमा फाल हाली मासु पाक गरी देवीकन खुवाये । योगिनी खुशी भै विक्रमादित्यकन द्रव्यवृक्ष दियिन् । त्यसपछि कराही उल्टाई देवीहरू संतोष भै रहंदा भया । कराही उल्टायाको अद्यापि छंदै छ ।

फेरि पछि स्वयंवृत राजा आउने दोस्रो प्रहरमा गै हेर्दा कराई उल्टाई राखेको देखेर अंदेशा गरी देवी छेउ प्रार्थना गर्दा देवीले आज्ञा गरिन्–"हेराजन्, अव तिमी आउनु पर्दैन । तिम्रा सिपाही विक्रमादित्यकन द्रव्यवृक्ष दिपठायाको छ । त्यही धन लिं नित्य दानधर्म गरी अंत्यकालमा तिमीलाई हामीले उद्धार गरुंला ।" भनी देवीले आज्ञा गरिन् र स्वयंवृत राजालाई फिराइन् । यी राजा अति खुशी भै "मेरो पुरुषार्थ धन्य हो"–भनी विक्रमादित्यकन गादी दिई आफु तपस्या गर्न गया । भगव-तीका कृपाले उद्धार भै गया ।

यी विक्रमादित्यले विशालनगरका राजा भै धेरै दत्तकीर्ति ? ठूला ठूला गरी वडा पुरुषार्थी भै देवताहरूको वृत सम्मान गरी रहंदा भया । यिनैका समयमा भूतल मार्ग गरी दक्षिण दिशादेखि श्री गोदावरी तीर्थ आई नीलवृद्ध पर्वतमनि प्रादुर्भाव भया । फेरि त्यही क्रमले त्रिशूल गंगाजी पनि नेपाल देवपुरी हो भनी जमा पर्वतमनि लुखुठी तीर्थ (वालाज्यू) कहलाई प्रादुर्भाव भयिन् । यिनै तीर्थका वायव्यआग्नेय कोणका सन्मुख यिनै राजाले नेपालका सवै देवतासित आज्ञा मागी गुह्यकालीको खड्ग हातमा राखी आफ्ना देशमा गै आफ्ना कुलदेवता हरिसिद्धि त्रिशक्ति रवि गण चरणसहित गरी कलशमा राखी नेपालमा ल्याई नीलताराका सन्निधानमा राखी जेष्ठपुरी नाम देश वनाई यी देवीका आज्ञावमोजिम गरी नेपालको सव देवता ल्याई विधान, सूत्र प्रवेश, नृत्यनाटक, जय शब्दले गीत बाजा वाद्य-सहित गरी प्रमाणले मूर्ति प्रकाश गरी वसाया ।

वाणस्वर रसवाहु (२६७५) शेषे द्वापरकस्य च ।

मार्ग या सेतु नेपाल हरिसिद्धिः प्रवेषिता ।।

अर्थात द्वापर युगको वर्ष २६७५ वाँकी छंदा हरिसिद्धि नेपालमा प्रवेश गरायाको हो ।

हरिसिद्धि समो न भनी कहलाया । यसकारणबाट नेपालमा अनेक नट नाट्यादि प्रारम्भ भयो ।

फेरि यी राजाले आफ्ना दरवारनिकट पश्चिम स्थान गरी विधिपूर्वकले चार जलशयी नारायण एक शिलामा चार वाहु चतुर्मूर्ति भगवान्कन भगवान्का आज्ञामुताविक स्थापना गरी तीर्थसहित युग्म धारा वसाया । यस दिनदेखि यी नारायणका धारामा दूर्वासंयुक्त कुंद पुष्प वर्षप्रति वगी आउंछ । सो फूल पाउने मानिस निहाल हुन्छ ।

फेरि यी राजाले चतुर्थ स्थान आवर्ण संयुक्त गरी ठूलो देवालय वनाई भवानी स्थापना गरी वडो लिंगाकारका देवालय वनाई प्रतिष्ठा गराया, । यी स्थानका दक्षिण स्थानमा वतीस लक्षणसंयुक्त देवीबाट पायाको सिंहासन राखी वैठक वनाई प्रजा पालन, देश नेपालको सेवा गरी १००० वर्षसम्म भोग गर्दाभया । यी राजाको महिमा अपार छ भनी भन्छन् । यी राजा विक्रमादित्यले अन्तकालमा आफ्ना पुत्र विक्रमकेशरीकन राज्य दिई आफू श्री वज्रयोगिनीमा गै उद्धार भया ।

यिनका शेषपछि विक्रमकेशरीले पनि वहुत नेमन्याय गरी प्रजा पालना गरी सुखसित भोग गर्दा भया । यी राजाले नौ तला गरी दरवार बनाया । ठूलो वगैंचा वनाई वागभित्र जलाशय पारी दरवार वनाया । तलाउ वनाई भंडारखाल वनाया । त्यही स्थानमा अगम निगम गरी स्वइष्ट देवतालाई श्रीमत् माहेश्वरी नाम गरी राजदेवी स्थापना गरी वर्षप्रति सवै प्रजाकन देवाली वनाई राख्या ।

केही दिनपछि आफ्ना वावा विक्रमादित्यको कीर्ति नारायण धारा अकस्मात् वन्द भै गयो र राजाले मनमा वडो फिक्री गरी मेरा वावाले चार जलशयीका आज्ञा पाई वसायाका हुन्, म पनि जलशयी नारायणछेउ जान्छु भनी गये । प्रथमतः रूद्रमतीका आदि जलशयी १, वागेश्वरका जलशयी २, ज्ञानेश्वरका जलशयी ३, स्वस्थानका जलशयी ४, यी चार नेपालका जलशयी हुन् भनी जाई विनति गर्दा भया । श्रीभगवान्‌बाट ज्योतिषीहरूसित सोधी काम गर भनी आज्ञा भयो र राजाले ज्योतिषी ब्राह्मणहरू डाकी सोद्धा प्रश्न विचारी ज्योतिषीहरू नवोली रहे । राजाले फिक्री नमानी यथार्थ वनाउनुहवस् भन्दा ज्योतिषीहरूले भने हे राजन ! ३२ लक्षणयुक्त भयाका नरवली दिया धारा उपरी हुन्छ । धारा वद्धा प्रकाशीयते राजन् इति वाक्यं श्रुत्वा तत् कार्यं मया अवश्यं क्रीयते इत्यर्थं स्थापितम् मानसे ।। केही दिन वितिगयापछि राजाले प्रजाहरू कोही संयुक्त भया पनि अपराधविना प्रजाहरूको हृदय विदीर्ण गर्नु छैन, मछेउ पनि केही लक्षण ता छन् भनी आफू नराधिपत्य अवस्था र रानी सुष्ठुशीला, सुशीलाहरू त्यागी, पुत्र भूपकेशरी डाकी गुप्त अर्थ वताये हे पुत्र ! आजदेखि चौथा दिनमा हाम्रा धारामाथि संपूर्ण शरीर छोपी सुतिरहन्या पुरुषलाई तिमीले गै मुख नहेरी चांडो काटी आउनु र ताहांउप्रान्त धारा वहनेछ भनी अन्हाया र सो रात धर्मका निमित्त आफै धारामाथि चढी मुखदेखि खुट्टासम्म सेतो कपडाले छोपी सुतिरह्या । छोरा भूपकेशरीले पिताको हुकुममा जाउं भनी, जांदा धारामा सोही वमोजिम सुतेको देखी झट्ट गै शस्त्र प्रहार गर्दा सुतेको जीव छिन्न भिन्न भै ठूलो शब्द गरी धारा चल्यो र भूपकेशरी खुशी भै हेर्न जांदा दुवै धारादेखि रक्त वगेको देखे । हीटी मंगल पनि पितृहत्या गर्न्याको मुख हेर्नु छैन भनी फर्की गयाको अझतक छंदैछ । ताहांपछि पानी वह्यो । राजपुत्र भानुमती पुग्दा सवै किरा मात्र जलमा वगी आयाको आश्चर्य मानी दर्वारमा पुगे । भोलिपल्ट राजा पनि काटी राखेको, धारा पनि वगिरहेको भन्ने हल्ला उठ्यो । राजा भूपकेशरीले पनि सुनी वावाले छलकार गरी पाप वोकाये भनी अफसोससाथ पिताको पितृकार्य गरी, मुमाकन राज्यभार दिई पितृहत्या भोचन गर्न वाजे विक्रमादित्य उद्धार भएका स्थान वज्रयोगिनीका शरणमा पुगे । प्रभु तारिणीका शरणमा गै प्रार्थना कल्पना गर्दा श्री देवीले करुणा गरी योगिनीहरू पठाई शिक्षा गरिन् "हे वालक । केही कीर्ति वनायस् र पाप मोचन होला । यांहादेखि पश्चिम कलिंग उडी गयाको हेरी सो ठाउंमा बौद्ध मंदिर वनाउ भनी श्री तारिणीका हुकुमले श्री योगिनीहरूले कलिंग पक्षी उडाइदियाको हेरी राजपुत्र पछि पछि आया । पंछी एक स्थानमा आई वस्यो र सो ठाउं ठहराई तांही बौद्ध मन्दिर वनाउन आरम्भ गर्दा भया । ठूलो भक्त राजा विक्रमकेशरीको शिर मेरा स्थानमा ल्याई राखिदेउ भन्ने श्री तारिणीको हुकुम पाई सो शिर गणहरूले गै ल्याई तारिणीका मन्दिरमा राखिदियाको अद्यापि सांखुमा छंदैछ ।

वहांपछि भूपकेशरीले तारिणीका आज्ञावमोजिम मन्दिरको प्रारम्भ गर्दा पितृहत्याका पापले यी राजपुत्र वस्याका ठाउँमा मेघशून्य भै जल वृष्टि भएन र राजपुत्र अत्यन्त दुःखित भै धेरै कपडा मगाई रात्रीमा सवै कपडा फिजाई शीतले भिजाई नित्य सो शीत निचोरी त्यै पानीले माटो भिजाई त्यही पानीले इंट थारी १२ वर्ष लगाई बौद्ध मन्दिर वनाई सिद्ध गराई प्रतिष्ठा गराई ती राजा भूपकेशरी श्री वज्रयोगिनीमा गै श्रीमाइको स्तुति गरी वस्ता भया । त्यस वेला श्रीदेवी खुशी भै आज्ञा गरिन् "हे राजपुत्र । तिमीदेखि म अत्यन्त खुशी भयां । मैले भनेवमोजिम मंत्राकार बौद्ध मन्दिर

सिद्ध गरी आयाकोले तिम्रो सबै पाप मोचन भयो । तिमी धन्य छौ । अब तिम्रा बाजे विक्रमादित्यलाई मैले दियाको द्रब्यवृक्षको धन ली तिम्रा भरमुलुकमा विक्रम सम्वत्सर नाउं गरी संवत्सर फिराउनू । कलियुगका ३१४२ वर्ष जब होला तब तिम्रो संवत्सर प्रकाश होला" भनी हुकुम दिई देवी अंतर्ध्यान भयिन् ।

यी राजपुत्र भुपकेशरीले उद्धार भै रहेका वाजेको शिरकन प्रमाण गरी स्वस्थान प्राप्त हुंदा भया । आफ्नी महतारीकन प्रणाम गरी सबै वार्ता सुनाई देवीका आज्ञावमोजिम द्रब्यवृक्षको धन ली संवत्सर फिराउन भनी भूपकेशरी गया ।

तहांपछि रानीले पनि अति धर्मव्रती मै प्रजा पालन गरी लोकमा धन्य धन्य कहलाई कीर्तिहरू धेरै गरी अनेक देवता स्थापन र नवसागर भगवती स्थापित गरी आफ्नू नाउंबाट प्रकाश गर्दी भयिन् । ती भगवती कस्ती भन्या पलांचोक भगवती १, नक्साल भगवती २, स्वभा भगवती ३, नवसागर भगवती ४, यी चारै भगवतीको मूर्ति एकै कालीगडले वनायाको हो । पलांचोक भगवती वनाइसक्दा त्यस्तै भगवती अन्त वनाउला भनी (त्यसका) दुवै हातको दुवै अंगुल कलम गरिदिया । तै पनि नालाको भगवती वनाया र एक हातै काटियो । त्यसपछि स्वभा भगवती वनायो र दुवै हात कलम गरिदिया । दुवै हात कलम गर्दा पनि नवसागर भगवती वनायो र नवसागर रानी खुशी भै "धन्य कालीगड" भनी त्यसलाई धेरै धन दिई निहाल गरायिन् । यसपछि केही कालमा नवसागर रानी आदि सबै उद्धार भैगया ।

त्यसपछि विशालनगरको राजा भोजदेव नाउं गरेको एक पुरुष हुन आये । तिनले विक्रमादित्यका महिमा सुनी मैले पनि त्यस्तै पराक्रम गर्नु पऱ्यो भनी बहुत गुमान गरी देवीदत्त (देवीबाट पायेको) सिंहासनमा वस्न तयार हुंदा त्यस वेला सिंहासनका ३२ लक्षणहरू सबै पुतली भै विक्रमादित्यको अनेक ज्ञान, धर्म, पुरुषार्थ, विवेक धैर्यको वर्णन सुनाये । राजा सिंहासनमा बस्न जांदा बस्न नदी सिंहासनसमेत आकाश मार्गले उडी स्वस्थानमा प्राप्त भयो र भोजदेव चकित भये । यी राजा अति अभिमानी हुनाले देवका योगले एक रात्रिका बीचमा नवसागर भगवती कोप भै आफ्ना अगाडिका इनारदेखि आगो उठाई रातभरमा नर, जीवजन्तु धेरै भस्म गरायिन् र विशालनगरका राजा, प्रजा नगर जली उजाड भै गया । त्यसै कारणले यो नेपालमा साना साना गाउंमात्र भयाको अद्यापि छंदैछ । ठूलो देश सोही वखत उजाड भयाको हो । यिनै वर्षमा रुद्रमती हट्खोल भै रह्याका शून्य देशमा जान मन गरी बूढानीलकंठसंघि वहन गया । अनेक तीर्थ ईशानेश्वर ज्ञानेश्वरका मध्य गरी वग्यो । सहर उजाड भयेपछि ज्ञानेश्वरमा पारसमणि छ भन्ने कुराले धातु लगी छुवाउंदा धातुमात्र सुवर्ण भयो, पारसमणिको पत्ता लागेन ।

त्यसका २००० वर्षपछि पश्चिम मारवाड देशकी पिङ्गला नाम गरेकी १ रानीले आफ्ना पुरुषबाट धेरै अपमान गर्दा स्वप्नाका प्रभावले ती रानी श्री गुह्येश्वरीका शरणमा आई नेपाल पुरीमा प्राप्त भयिन् । यी रानीले श्री गुह्येश्वरीमा गै निराहार गरी कठिन तपस्या गरी रहंदा देवी प्रसन्न भै वरदान दियिन् "हेरानी ! तेरो मनोरथ पूर्ण हुन्छ । तैले चावहेल भन्याका ठाउंमा वडो नेम गरी वाहाल वनाई बसी नित्य यहां आई मेरो काजल लाइरहनु कोही कालमा तेरो पुरुष यहीं आई वश्य होला भनी ईश्वरी अन्तर्ध्यान भयिन् । रानीले देवीका आज्ञावमोजिम देवीगणबाट काम गराई लक्षणक्रम गरी मयेजु वाहाल कोट वनाई चारैपट्टि भिन्न गरी चार धारा जल शोधन गरी वनाइ बसी नित्य देवीका स्थानमा जाई दर्शन गरी काजल लगाई आनन्द गरी वस्ती भयिन् । मैजु वाहाल चाभेल नाउं गरी देश वनाया । फेरि लौहका वाणहरू प्रहार गरी देवताहरू खेलेका वाण शिला भै गयाका लोहशिला नाम कुमारी अति भयंकर भयिन् र देवीछेउ विनती गरी श्री श्वेत विनायक जमाया । यी गणेश वौद्धप्रिय हुन् ।

केही कालपछि रानीका धर्मव्रतले मारवाडाधिपति सुदर्शनको चित्त चंचल हुनगयो र राजाले रानी खोजी आउंदा, देवताहरूले दिव्य परमसुंदरी भै रह्याकी पिंगला रानी कन देखी भ्रांति भै रहेका वेलामा राजा पनि देवीका समीपमा आई पुग्या । त्यस वेला देवताहरूले रानीकन छेकी समातृन लाग्या र रानीले देवताहरूदेखि मधुर वचन गरी गुह्येश्वरी देवीकन पुकार्दी भयिन् । पिंगला रानीका वचन राजाले सुन्या र राजाको मनमा अंधेर भै मेरी रानी ता अवि यस्ती सुन्दरी थिइनन्" भनी राजाका मनमा उठ्दा रानीले म पिंगला रानी हुं भनी पुकारिन् र यि रानी ता मेरै हुन् भनी नजिक जांदा रानीले राजाकन प्रणाम गरी अघिको दुःख समझी

केही नवोली देवीका समीपमा वस्न गयिन् । त्यस वेला सवै देवताकन सुनाई ठूलो स्वर गरी वोल्न लागे "अहो देवता हो ! यी मेरी रानी हुन् । तिमीहरूले कसरी लान्छौ" भन्दा सवै देवताहरू मिली राजा सुदर्शनकन घेरी "मिथ्या हो । मिथ्या हो, यस्ती सुंदरी स्त्रीकन मेरी हो भन्ने"–भनी मार्न तयार हुंदा ठूलो युद्ध भयो । राजाले पनि घेरै शस्त्र प्रहार गऱ्या । देवताहरूले पनि राजाकन घेरी शस्त्र प्रहार गर्दा राजा मरणांत भया र श्री देवी आई देवताहरूलाई "यी रानी राजाकी हुन्"–भनी वुझाई रानीवाट पुरुषको सम्मान गराई स्त्रीपुरुष मिलाई पठायिन् । केही कालमा ती दुवै जना स्त्रीपुरुष भैं नित्य देवीको सेवा गरी धेरै वर्षसम्म मैजु वाहाल कोट नगरमा वसी ईश्वरीका आज्ञाले आफ्ना देश मारवाड··· ···उद्धार-भैगया ।

अघि देवताहरू गमन गऱ्याको संख्या । धर्मदत्त पछि शून्य वर्ष १०००। फेरि दानासुरको भोग वर्ष १०००। फेरि पुण्य वर्ष १०००। विशालनगरका स्वयंव्रत राजाको भोग वर्ष ३००। विक्रमादित्यको भोग वर्ष १००० । विक्रमकेशरीको भोग वर्ष ३५०। फेरि नवसागर रानीको भोग वर्ष ५० । यति वर्ष गयापछि द्वापर युगको शेष ९५० । अवउप्रान्त कलियुगका दृश्य भोग भनी राजा-विना हुने छैन भनी सवै देवता मिली मनुष्यकन राजा गर्न इच्छा गर्दा भया ।

अथ नरमाला लिख्यते

नीलकंठ प्रकाशस्य क्रमेण प्रवर्तमान कलियुग भूपाल मालिका चरणात् वज्रस्य राज्ये श्री नित्यारामो हिमवत शैल पर्वत महारथी भूतमण्डले मृगस्य भंडारकाप्रादुर्भूते तदनु नेमेत्यादिमिः ऋषिभिः प्रत्यक्षीकृता देवताः प्रति स्थापिताः पशुपतीश्वर भट्टारकश्लेष्मांतककानने विराजमानः स्थितः गोपालो नाम भूपालस्य कपिला गौः कीर्तिपुरात् वाग्मती तीरे गत्वा तया क्षीरेण प्रदेशात् पशुपतिः प्रकाशितः । तेन नेपाले प्रथमं राज्यं भुंजीत गोपालाः क्रमेण राज्यं प्रससास ।

श्री पशुपतिको अघिको लिंगको देवालय भत्की छोपी रहंदा कीर्तिपुरदेखि कैली गाई नित्य आई दूध चढाई गयाकी गोठालाले देख्या र हेर्दा श्री पशुपतिनाथ प्रकाश भया । त्यस गोठालाकन मुनिऋषि आदिले अनेक क्रमले वुझाई "कलियुगमा राजा हुन्या छैन" भनी ब्राह्मण गोठालाकन राजा तुल्याइकन वसाया । यी राजाको नाउं भुक्त नंद (वर्ष ८८) । यी राजाका पालामा श्री पशुपति-नाथ प्रकाश भै व्यापक वनमा नित्य जाई किरात रूपले खेल्दथ्या ।

अस्य पुत्र भीम गुप्त (वर्ष ८५) । अस्य पुत्र जय गुप्त वर्ष (वर्ष ९२) । अस्य पुत्र यक्ष गुप्त (वर्ष ८२) । अस्य पुत्र हर्ष गुप्त (वर्ष ९३) यति राजा ५ पुश्तासम्म सवै ब्राह्मण गाई पाली मातातीर्थका समीपमा ठूलो गोठ बनाई देवता प्रकाश भै रक्षा गरी वसी रहंदा भया । यति राजा ५ पुश्ता मुनिऋषिले जमायाका हुन् ।

यसपछि यक्ष गुप्तको सन्तान भएन र मध्येसका अहीर गोपालकन ल्याई राजा गऱ्या । राजाको नाउं वर सिंह (वर्ष ७५) । अस्यपुत्र जयमति सिंह (वर्ष ७५) । अस्य पुत्र यलंव (वर्ष ५०) अस्य पुत्र पवि (वर्ष ३५) । यी राजाका पालामा कलियुगका प्रभावले पृथ्वीकन छोयो भनी चारै दिशाका पंडित ज्योतिषीहरूले सुनाई दिया र दिनदिन सवै दिशाका जीवजन्तुकन पाप चेष्टाले संयुक्त भै गया । यहांदेखि अघि देवतावर्ष द्वापर युगको शेष हो ।

नेपालमा तहांदेखि देवताको महिमा गयो भनी ४ भैरवहरू मिली सम्मत गर्न लाग्या : प्रथम नुवाकोटका भैरव १, भक्तपुरका भैरव २, टीका भैरव ३, महापीठ पचली भैरव ४, यी पश्चिम दिशा आगं चोकदेखि आया-का भैरव हुन् । यी भैरव आई प्रकाश भै नेपालमा कलियुग दृष्टि हुन लाग्यो । विना राजगृहले हाम्रो रक्त पान हुन्या छैन भनी राजा तुल्याउन इच्छा गर्दा भया । यो वृत्तान्त इन्द्राणीघाटका देवीले जानी नेपालमा सदा सर्वदा राजी हुन्या छ भनी नेपालमा मनाजु कहलाई नेपालका उत्तर दिशामा विराजमान हुंदी भइन् । कुमारी देवी आयाको सुनी दिग् कुमारीहरु पनि प्रकाश भयिन् । पूर्व ठिमी वालकुमारी १, दक्षिण क्वछे वालकुमारी २, पश्चिम वल वालकुमारी आई ज्ञानेश्वरसन्धि मयमती वाल-कुमारी अघि विशालनगनका संनेश्वरी मयाकी हुन् ३, उत्तर मंगल पुरकी वालकुमारी ४, यति नेपालका राजा-का देवता आदिदेखिका हुन् । यी देवहरूको महिमा सवै द्वापर युगका भित्रै हो ।

युग भोग संख्याः– सत्यको १७२८००० । मनुष्यको

आयु १००००। धर्मज्ञ। प्राण वायु। शायान मेद संधि। त्रेता युगको भोग १२९६०००। मनुष्यको आयु ५००। प्राण वायु। अस्थि संधि। द्वापर युगको भोग ८६४०००। प्राण वायु। रक्त मांस चर्म संयोग। मनुष्यको आयुर्दा १०००। कलियुगको भोग वर्ष ४३२०००। मनुष्यको आयु प्रथम पक्ष १२० वर्ष। प्राण अन्नमय। द्वितीय आयु वर्ष १००। स्थूलाहारी। तृतीय आयु वर्ष ५०। मंयंत्रितानि पुष्प फलानि। चतुर्थ आयु वर्ष १६ कलियुगस्य भाग।

सम्भल देशे विष्णु शर्मा ब्राह्मण: स्वपुत्रेण विजयाभिनन्दनेन राजा यापी समहा षडंगेन क्रीतं तेल तिमुष्पाती सर्वेषां दास्य तस्य यम सहश्रम् यजिवंती सर्व कलकी। नृणाम् प्राणा: कृतौ मेधे त्रेतायां संधि संस्थिता:। द्वापरे रक्तमांसे स्यात् कलावन्ने व्यवस्थिता:—पाराशरी स्मृति: पशु मृतौ तु। कृतावस्थिगता: प्राणास्त्रेतायां मांससंस्थिता:। द्वापरे रुधिरे प्राणा: कलावन्ने सुसंस्थिता:।

नेपालमा अघि धर्मदत्त राजा हुन आउंदा द्वापर युगको भुक्त वर्ष ८४८०००, भोग वर्ष १६०००,संस्थित धर्मदत्त राजाले भोग गरेका वर्ष १००० सम्म रजाईं गर्‍या। कालियुग वर्ष चतुःपाद मध्ये अग्निपादेन संस्पर्शो जात:। अव कलियुग वर्ष ५, अत्र स्कंध वर्ष ३६, अस्य पुत्र वलंव वर्ष २१, अस्य पुत्र हति वर्ष १९। अस्य पुत्र नमी वर्ष २६। यी राजाका पालामा पंचपांडव वनवास हुंदा वनदेखि अर्जुन किरातरूप महादेवसित युद्ध गरी शिव प्रसन्न गराई पाशुपतास्त्र पाई गयें। अस्य पुत्र नित्यदस्ती वर्ष ५९। यिनका बखत पाण्डवहरूको युद्ध कुरुक्षेत्र हुन लाग्यो भनी अर्जुनका हुकुमले धेरै सिपाही युद्ध गर्न गया। अस्य पुत्र कयुग वर्ष ६१। अस्य पुत्र तुष्क वर्ष ६। अस्य पुत्र सुयस्य वर्ष ४५। अस्य पुत्र पंच वर्ष ३७। अस्य पुत्र केको वर्ष ३८। अस्य पुत्र सुनंद वर्ष ४१। अस्य पुत्र थुको वर्ष ५८। अस्य पुत्र सुप्र वर्ष ५८। अस्य पुत्र गिंधी वर्ष ७१। अस्य पुत्र त्वते वर्ष ४९। अस्य पुत्र लुकें वर्ष ५३। अस्य पुत्र सुप्र वर्ष २९। अस्य पुत्र गंस वर्ष ३२। अस्य पुत्र गुनंज वर्ष ३५। अस्य पुत्र सियु वर्ष ३७। अस्य पुत्र गस्ती वर्ष ३१। यति सबै किराती राजा भै वस्ता तिनीहरूका दरवार ग⋯⋯र्ण (गौकर्ण) का जंगलमा अगम गरी बसायाका थिया। यी राजाका पालामा दरवार⋯⋯श्वरका शरणमा वडो थुम्को बनाई लिंग छोपी वस्यो र जंवुक डोल वा⋯⋯

फेरि यिनका पालामा पश्चिमदेखि सोमवंशी राजा आई किरातीहरूकन जिती नेपालभित्र ठूलो योगमणि गोदावरी संधि दर्वार बनाई बस्दा भया। किरातीहरू सबै भगाया। किरातीहरूले कलिगत वर्ष ११०८ सम्म राज्य भोग गरी माझ किरातमा बस्न गया।

किरातीहरू भगायापछि सोमवंशी राजा भया। राजाका नाम—निमिष राजा,वर्ष ३०। यी ब्राह्मण गाईका बहुतै रक्षक थिया। यिनका पालामा दक्षिण गोदावरीमा बगाई लगेको कोई १ सिद्धको सुमेरनी, सोटा, झोली, तुंबा, विभूतका गोला, बघंबर यो नेपालका गोदावरीमा पुग्दा वहां बगेको सुमेरनी आदि यहां प्रकट भयाकाले उतै गोदावरी नै रहिछन् भनी जगाया। अस्य पुत्र मलय वर्मा वर्ष ४१। अस्य पुत्र काक वर्मा वर्ष ४६। अस्य पुत्र ⋯प्रद वर्ष ८६। यी राजाले ४ वर्ण बसाये। श्री पशुपतिनाथको लिंगाकार देवालय भत्की बिग्रेको समेत पांच तले सुनका छाना बनाई गजुर चूडामणि सहित गरी बसाया। यिन दिनदेखि श्री पशुपतिनाथको देवालय बेडा ऊंचो भयाकोले तल्लादेखि मन्दिर दर्शन भै गयो। यी राजाका बखत कलिगत वर्ष १२३९। अस्य पुत्र भास्कर वर्मा वर्ष ७८। यी राजा शिशुपालका अवतार हुन्। श्री पशुपतिराथको नित्य प्रसाद खाईमात्र भोजन गर्थे। यिनले धेरै सिपाही साथमा ली चार समुद्रान्त सेतुबंध रामेश्वरसम्म गै पाशुपत मंत्र जगाई धेरै मुलुक जिती अनेक द्रव्य ल्याई श्री पशुपतिनाथमा चढाया। फेरि पशुपति⋯पश्चिम मुख संधि धेरै सुवर्ण खर्च गरी⋯हरूलाई पनि व⋯पशुपतिनाथकन स्नान गराई वागमतीमा बगाई सुवर्णपुरी नाम गरी ठूलो देश बनाई चारै वर्ण बनाई सो सुवर्णपुरीमा बसाया। फेरि यी राजाले मेरा शाखा सन्तान रहोस् भनी पशुपतिनाथसित मागी एक सूर्यवंशी क्षत्रिय ल्याई राजा गरी शांत भै गया।

यी स्थापित भयाका सूर्यवंशी राजाको नाउं भूमि वर्मा वर्ष ७१। यी राजा गादीमा बस्दा कलिगत वर्ष १३८९। यी राजाले गोदावरीका दरवार छोडी बानेश्वरमा दरवार बनाई बस्दा भया। अस्य पुत्र चन्द्र वर्मा वर्ष ६१ (९?)। अस्य पुत्र सर्व वर्मा वर्ष ७८। अस्य पुत्र पृथ्वी वर्मा वर्ष ७६। अस्य पुत्र ज्येष्ठ वर्मा वर्ष ७५। अस्य पुत्र हरिदत्त वर्मा वर्ष ८१। यी राजाले इचंगु, चांगु, चयेजु, सिखा नारायण—चार नारायण नित्य गै धाई दर्शन गर्दा एक

दिन राती स्वप्नमा जलशयी आदि रूपी भगवान्ले दर्शन दी आज्ञा गरे–"हे राजन्, तिमी चयंजुसम्म पुग्नु पर्दैन, जयंजुका सट्टा म हुं । मकन शतरुद्र पर्वतपहिरा छोपी राखेको धेरै दिन भयो, म विशालनगरको आदि-रूपी हुं । तसर्थ ढुंगा माटा फ्न्साई हेर"।–भनी आज्ञा भयाबमोजिम राजाले खनाउंदा भगवान्का नासिकामा धक्का लागि हेर्छन् ता श्री जलशयी रूपी दर्शन भया । नासिकामा लागेको चोट अद्यापि छंदैछ । यी राजा खुशी भै नीलकंठका उपमाले भगवान्का तलाउ बनाई दिया । त्यस दिनदेखि चार नारायण प्रसिद्ध हुन् भनी जगाया । अघि ४ नारायणको देवालय नहुनाले ४ नारायणका देवालय बनाई दिया । अस्य पुत्र वासुदेव वर्मा वर्ष ६३। अस्य पुत्र पति वर्मा वर्ष ५३। अस्य पुत्र शिववृद्धि वर्मा वर्ष ६५। अस्य पुत्र वसंत वर्मा वर्ष ६१। अस्य पुत्र शिव देव वर्मा वर्ष ५७। अस्य पुत्र सिकांद्री वर्मा वर्ष ६५। अस्य पुत्र वृषदेव वर्मा वर्ष ६१। यी वृषदेव वर्मा राजा गादीमा बस्दा कलिगत वर्ष २५०८। यी राजा नित्य वज्रयोगिनीमा गै दर्शन गर्थे । एक दिन यिनलाई आदि रूपी भगवतीले दर्शन दी आज्ञा भयो "हे राजन्, म बाहाल पोखरीमा पिंगला रानीले मैंजु बाहाल नाम गरी देश बसाउंदा आई बसिरहेकी हुं । धर्मदत्तका पालामा मेरो नाम शतरुद्रभगवती देवी हो । अब तिमीले मकन यही स्थानमा नगरा र आवरणसहित गरी मन्दिर बनाइदेऊ। यो स्थान मलाई अति रमणीय छ । मेरा धन मन्दिरभित्र राखी·····मेरो नाम धनदा देवता भनी प्रकाश गर । राजाले सोही आज्ञाबमोजिम गरी भगवतीको पोख्ता गरी बनाई धनदा भनी प्रख्यात गरया। फेरि यी राजाले विचार गरे – नेपालमा देवताहरू चतुष्कर्म गरी विराजमान भयाका हुन्"–भनी अब·····मूर्ति गरूंला गोदावरीमा संधि ग **(यसपछिका केही पृष्ट नष्ट छन् ।)** हरूलाई पनि वलिदान चलाई दिया। यस दिनदेखि नेपालमा शिवमत, विष्णुमत, देवमत, वेदमत प्रवल गरी चलाया । अकेक पीठमा बडा विघ्न हुन्या कर्ममा पनि ठूलो कुलधर्म नाश गरी "अहिंसा परमो धर्मः" भन्ने यस्तालाई पनि हिंसा क्रम लगाई चलाई गया । यस दिन देखि जैनहरू कोही कोही मात्र रहे। यस्ता तरहसित शंकराचार्य स्वामीले सबै दिशा प्रदिशा पीठपीठमा जाई दिग्विजय गरी आफ्नू शंकरमत चलाया । श्री वज्रयोगिनीका वचनले सिर्फ उत्तर दिशामात्र छाडी दक्षिण समुद्रका तीरमा बस्न गया । शंकराचार्यले यति गरी गयाकाले नेपालमा अद्यापि पनि सबै मार्ग बराबरी छंदैछन् ।

बुद्धदेवका पुत्र शंकराचार्य देव आउँदा यिनको जन्म भयाकोले सोही नामले प्रख्यात भया । वर्ष ६५। यी राजाले धेरै कष्ट गरी बहुत धन खर्च गरी श्री पशुपतिनाथका उत्तरपट्टिमा ठूलो लोहाको त्रिशूल बनाई चढाया। फेरि राजेश्वरी संधिमा पूर्व पश्चिमको छाया देखिन्या कुआ थियो । पछि राजा प्रजादिकन कष्ट होला भनी यी कुआ सबै पुऱ्या । अग्र भागमात्र जातिस्मरण नाम गरी ठूलो महाविराटेश्वर स्थापना गरिदिया । फेरि श्री पशुपतिनाथका पश्चिम ढोकाभित्र नन्दी मूर्ति बनाई राखिदिया । यस दिनदेखि शिवको र नन्दीको अन्तर्दोष निवारण भयो । अस्य पुत्र धर्मदेव वर्ष ५५। अस्य पुत्र नामदेव वर्ष ४९। अस्य पुत्र महादेव वर्ष ५१। अस्य पुत्र वसंत वर्ष ३६। यी राजा गादीमा बस्याको वर्ष १५ जांदा कलि २८०० वर्ष गत भयाको थियो ।

श्लोकः–दश वर्षसहस्राणि विष्णुनामनि गोचराः ।
तदर्धं जाह्नवीतोयं तदर्धं ग्रामदेवताः ।।

यी नेपालपुरी हुनाले भविष्य पुराणका श्लोक भन्दा ३०० वर्ष अघिसम्म भाषण भै गया । त्यसपछि बडा कष्टले मात्र भयो । अस्य पुत्र उदयदेव वर्ष ३७। अस्य पुत्र मानदेव वर्ष ३५। अस्य पुत्र गुणकामदेव वर्ष ३०। अस्य पुत्र शिवदेव वर्ष ५१। यी राजा कलिगत वर्ष २९२३ मा गादी बसेका हुन् । यिनले वानेश्वरका दरवार छाडी देवपाटन देशमध्ये ठूलो नौ तला गरी कोट बनाई बस्दा भया । यी दरवारमा बस्दा शतरुद्र पर्वतमा गै त्यहांका भूशुक भन्याका नित्यनाथ ल्याई श्री पशुपतिनाथका पश्चिम भागमा बसाया । यी नित्यनाथ बहुत प्रत्यक्ष छन् । फेरि यी राजाले नौ ढोल बनाई नन्द (नौ) गोटा गणेश बसाया । फेरि पूर्व दिशा दोलखाका भीमसेनदेखि भीमसेन आवाहन गरी श्री पशुपतिनाथका पश्चिम दिशामा बसाया । फेरि आफू बस्याका कोटसंधिमा भैरवशिला गोल मूर्ति देशरक्षा निमित्त शिवपुरीदेखि मगाई बसाया । अदिति शिला प्रजाहरूको ऋण सबै तिरी मात्र हेर्न निमित्त मगायाको, शिला भै गया । फेरि देवताहरू गणेश ४, भैरव ४, नित्यनाथ ४, महादेव ४, कुमारी ४, बौद्ध ४, खम्म ४, गगनचारी ४, अश्व ४, चतुः पंचभूत मूर्तिले संयुक्त गरी ४ मार्ग पूर्ण कर्म गरी देश लक्षण क्रम साधना गरी नौ बाहाल आदि नाम बसाया। फेरि यी पतनमा आवर्ण देवता ढोल प्रमाण तुल्याई शिव मूर्ति बसाया । अल्प-

मृत्यु हरण निमित्त महामृत्युंजयेश्वर जगाया । फेरि टोलको पृथक् गरी नौ इश्वरी जगाई, ढोका, इनार, धारा, नित्यनाथ, डबली, टोल, ईश्वरी, आगं, गणेश ४ यी नौ प्रकारका संयुक्त गरी भूगोल नाम गरी सुवर्ण पुरी महानगर नेपाल देश कर्म गरी बसाया । फेरि धर्मदत्तका पालामा देवताहरूसँग युद्ध गरी देवताका सैन्यलाई दांतमा अड्केको हाड, हातका औंलाले झिक्न लागेको ध्यानले प्राप्त गरी जंगलभित्र विराजमान भैरहेकी वनकाली प्रकाश गराया । सोही संधिमा त्रिनेत्र गरी जंगलभित्र ठूलो कायाले युक्त गरी गणेश बसाया । फेरि ती राजा महाज्ञानी हुनाले नगरभित्र अधिका चैत्य मूर्ति गुप्त गरी राखेको पनि खोजी देश उत्तरपट्टि सारी दिया। यिनले ठूलो नगर बसाई प्रजाहरू खुशी गराया । प्रजाहरूका मरणकाललाई तणा मार्ग बनाई लगी वृजेश्वरीका पूर्व भाग वागमतीका किनारमा जातविशेषका स्मशान जगाई चलाया । देवीका आज्ञाबमोजिम देशमा पिशाच चतुर्दशीका दिन सबै प्रजा जम्मा गरी देवी रथ बनाई प्रतिवर्ष देश घुमाई रथ यात्रा गर्ने गरे । द्वादशीका दिन चतुर्वर्ण जम्मा गरी महिषवलिसहित पूजा, त्रयोदशीका दिन कुमारीगण भोजन, चतुर्दशीमा देश र महादेवस्थानमध्ये रात्रिभर अखंड अग्नि जलाई यात्राकर्म संयुक्त गरी देवरथ देश घुमाया ।

फेरि नेपाल श्री वत्सला मूर्ति हो भनी जानी पशुपतिनाथको सेवा गरी श्री पशुपतिनाथमय गराई श्री पशुपतिनाथकन पताका चढाई आफ्ना दखारसम्म ल्याई बांधी चार दिन राखी विसर्जन गरी वत्······पीठमा विधिक्रम प्रारम्भ......निमित्त कोटेश्वरका देवी पीठ रूप स......आठ दिन अघि श्री पशुपतिनाथले निमंत्रणा गर्न पठाई प्रेतचतुर्दशीका दिनमा कुमारीगण युग्म आवाहन गरी देवीका स्थानमा बसाई भुवनेश्वरी, जय गंगेश्वरी, वत्सला आदि अनेक पीठ अर्चन गरी आचारहरू आविष्कार क्रम स्थापन गरी देवीका आ......शास्त्रोक्ताभि संकट विधि नरसिंह आवाहन गरी नृवाहन देवी प्रमाणपूजा गरी नरमांस मातृका क्रमले गण भक्षणले संतुष्ट गरी विसर्जन वेलामा अनेक द्रव्य दक्षिणा दिन सम्मान गरी प्रतिवर्ष चलाया । फेरि क्षेत्रपालेश्वर विविध अनेक द्रव्य धेरै मगाई आचार भुगाल पीठका मंत्र जगाई नेपाल रूपी देवता आवाहन गरी दिप्रा विशेषका विधिले प्रतिवर्षदेखि सवै पीठकन संतोष गराया । यस कारणले नेपाल पीठमा नाना द्रव्य बलिदान प्रकाश भयाका हुन् ।

एक दिन यी राजाले कौनै मुनिबाट स्वप्नतीर्थमा कुनै सिद्ध आई नित्यस्नान गरी जान्छन् भन्ने सुनी राजा गै हेर्न जांदा एक भयंकर योगीको दर्शन पाया । राजाले ती सिद्धकन ठूलो प्रार्थना गरी ल्याई ताम्रेश्वरमा बसाया । फेरि तिनै सिद्धसित मत गरी ग्रामदेवी जयवागेश्वरीकन शांत गरी चित्रकार मगाई अनेक विधिले विजयन्यास संकष्टमय विधिक्रमले गर्दामा सिद्धले गुप्त गरी म दुर्वासाको अंश हु भनी राजाकन सुनाया । देवीका गण बडो प्रबल प्रत्यक्ष भैरव नौ लिंगका मुनि पंच मूर्ति स्थिर गरी बसाई आदि पूजित गजकर्ण (गणेश) मूर्ति प्रकाश गरी बसाया । फेरि यी राजा योगी दुबै गै वज्रयोगिनीमा पनि यही विधिक्रमले बडो कष्ट गरी देवीका चित्रकार विजयन्यास विधि जगाया । यति क्रम गरी यी योगिनी गोदावरी संधिलाई श्री लक्ष्मीनारायण नाम गरी शालिग्रामका प्रमाणले गुफामा गुप्त भै रहेका विष्णुनारायण नाम गरी पर्वतविषे विष्णुकन प्रकट गरी जगाया । सिद्ध त्यहींबाट अन्तर्धान भै तपोवनमा जांदा भया । यसपछि राजाले यो चित्रकारविधि कुकर्म ठहराई प्रतिवर्ष कष्ट हुन्छ भनी द्वादश मार्ग चलाया । सिद्ध गुरुको आश्रम ताम्रेश्वरमा कर्मशाला बनाई महादेवकन नित्यार्चना गरी जगाया । त्यसपछि धेरै भोग गरी यी पुरुषार्थी राजा शान्त गै भया ।

अस्य पुत्र नरेन्द्रदेव वर्ष ४१ । अस्य पुत्र विष्णुदेव वर्ष ४७ । अस्य पुत्र भीमदेव वर्ष ५१ । यी राजाले वत्सलामा नरबलि अति कष्ट हो भनी देवीकन शान्ति पूजा गरी शास्त्रका प्रमाणले शुद्ध छागयुग्म बलिदान गरी कर्म चलाया । नरसिवाको अपराध गऱ्याका यी राजाले हेरी हांसी ठट्टा गरी बस्दा नरसिवाले राजाकन समात्न गयो र राजा खुशी भै धेरै खेत बिर्ता दियाको अझतक छंदैछ । फेरि यी राजाले ग्रामदेवी जयवागेश्वरी मानसरोवरदेखि शिला नदी तरी नेपाल आयाको दिन विचार गरी वैशाख शुक्ल पूर्णेका दिन ठहराई त्यस दिनदेखि देवी प्रसन्न निमित्त कौमारीगण बसाई अनेक यज्ञादिक्रम बसाई क्रिया गरी बलिदान पूजा निमित्त नवदुर्गा बसाई वाह्याभ्यंतर कर्म प्रति वर्ष चलाया । यी राजाका संतान भएन र पुत्रीकन १ बुद्ध वैश्य ठकुरी अंशुवर्मा नाम राखी कन्यादान दी राजा तुल्याई आफू शान्त भै गया ।

कलिगत वर्ष ३१५७ मा अंशुवर्मा गादीमा बसे ।

अंशुवर्मा वर्ष ६८ । यी राजाले देवपाटनमध्येंका दरवार छाडी मधेलव (?) भन्याको ठाउमा गै बडो शुद्ध रमणीय धेरै चीज संयुक्त गरी दरवार बनाई बस्न गया । काजीहरूकन त्यहीसंघि घर बनाई बसाया । यी राजा बडो चंचल, महा भयंकर, तामस मूर्ति, ठूलो पुरुषार्थी थिया । यिनले आफै प्रयाग तीर्थमा गै भैरवनाथकन यथाविधिक्रमले डाकी ल्याई भैरव खुशी गर्ना निमित आफ्ना दरवारसंधि मन्दिर बनाई प्रतिवर्ष आहुति गरी बसायाका अझतक छंदैछन् । यी राजाका पालामासम्म देवताहरू प्रत्यक्ष देखाइदिन्थे । त्यहांपछि देवताहरू स्ववस्थ सो स्थानमा लोप भै गया ।

अस्य पुत्र कृत वर्मा वर्ष ८७ । अस्य पुत्र मियागंन वर्ष ९३ । अस्य पुत्र नन्द देव वर्ष ९५ । यिनै राजाका पालामा विक्रम सम्वत् अघि नचलायाको पूर्व कथा सुनी चारै दिशामा चलाई दिया । अस्य पुत्र वीरध्वज वर्ष ९५ । यी राजाका पालामा कोही १ घांसी ज्यापु कुष्ठी भयाको यिनका दरवारसंधि घांस काट्न आउने गरेको देखिथ्यो । एक दिन सोही कुष्ठी घाँस काट्न लागेको लक्षण संयुक्त सुंदर मूर्ति भयाको राजाले देखी डाकी मित तुल्याई सोधे "हे मित्र ! हिजो ब्याहानसम्म कुष्ट भयाको शरीर, तिमीले के काम गरी आज यस्तो निर्मल सुंदर मूर्ति गरायौ ?" राजाको यस्तो वचन सुनी गोठालो विनति गर्न लाग्यो "हे महाराज ! म हिजो दिउंसो वागमती पारि ललितपुरमा घांस काट्न गयाको गर्मीले प्यास लागी पानी खोज्न जाउं भनी घांस बोकन्या नोल त्यही भूमिमा गाडी पानी खोज्न गयां । एक स्थानमा पानी उसन्याको देखी पानी खाई सोही जलमा स्नानसमेत गर्दा मेरो शरीर निर्मल भयो र आश्चर्य मानी नोल लिउ भनी जांदा नोल पनि सिद्ध भै झिक्न भएन" भनी राजालाई सुनायो । धन्य ललितपुरको तीर्थ ! सो तीर्थमा स्नान गरी तिम्रो शरीर निर्मल भयाकोले तिम्रो नाउं ललित भन्छु भनेर तीर्थ देखाउने राजाको हुकुम पाई तीर्थ र नोल सिद्ध भयाको देखाइदिया । राजा खुशी भै धेरै धन खर्च गरी तीर्थ र नोल सिद्ध भयाको बीचमा ललितपुर नाम समतल बनाई, ललितपुर नाम गरी २४ हजारको शहर बसाई दिया । चौबीस तत्वका कारणले चौबीस टोल बनाई चौबीस हजारका शहर बनाया । राजाले शहर बनाउनुअघि यी तीर्थको नाउं कसरी थाहा पाउनु—भन्ने ध्यान गर्दा राजालाई स्वप्नावस्थामा देवता आई भने—हे राजन् ! यो तीर्थको नाउं गौरीकुण्ड हो । यो कुण्डका भागमा सर्वेश्वर शिवलिंग हुन् । मेरा अंगदेखि २० हात उत्तरमा नागह्रद तीर्थ हो । गोठालाको नोल सिद्ध भयाका कुंभेश्वर हो । तैले त्यहीं श्री यंत्राकार पांच थुम्का गरी ललिपत्तन नाम राखी चौबीस टोल गरी शहर बसाई त्यहीं गै बस्नु र तेरो उद्धार होला—भन्ने आज्ञा हुंदा बसायाको ललितपतन (पाटन) शहर हो । यी राजा सर्वेश्वरका आज्ञाबमोजिम गरी पाटनमा राजधानी गरी सकल परिवारसमेत उद्धार भै गया । यो ललितपत्तनमा स्वयंभू, कामेश्वर कामदेवको मूर्ति बनाई राख्नु हुंदैन । राजा रवि देव गादीमा बस्ता कलिगत वर्ष ३६०० । चार वर्षपछि ललितपत्तन बसायाको हो ।

अस्य पुत्र नरेन्द्र देव वर्ष ९८ । यी राजाका पालामा गोरक्षनाथ नेपालमा आई भिक्षा गर्दा कसैले पनि भिक्षा दिएनन् र गोरक्षनाथ बडो कोप गरी नेपालमा दुर्भिक्ष गर्ना खातिर नव नाग आसन गरी मृगस्थलीमा बसी तपस्या गरी रहंदा नेपालमा मेघ शून्य भै १२ वर्षसम्म पानीको छिटा पनि परेन र राजाले ज्योतिषी पण्डितहरू डाकी सुध्याया र सज्जनहरूले विचार गरी प्रश्न विन्ति गरे—हे महाराज ! गोरक्षनाथले नेपालमा दुर्भिक्ष गर्नाका निमित्त नेपालका नागहरू सबै आफुले आसन गरी तपस्या गरेकोले मेघशून्य भै गयाको हो । तिनी नउठाई पानी नपर्ने हुनाले तिनका गुरु मछेन्द्रनाथ आयामात्र गुरुका सत्कार निमित्त उठ्नेछन् भनी सुनाया । राजाले सो यत्न गर्ना निमित्त सिभुकार वज्राचार्य नाम गरेको पुरुषार्थीकन गुरु पदवी गरी कामरु पीठ गै बडो कष्ट साथ मछेन्द्रनाथ प्रसन्न गराया । फेरि ललितपुरका श्री पूर्णचण्डीको आज्ञा विना मैले नेपाल जान हुंदैन भन्ने आज्ञा भयो र श्री पूर्णचण्डीको सेवा गरी आज्ञा पाई लगन टोलमा बसी कोटी जप गर्दा मछेन्द्रनाथका मूल रूपी पीठ देवी भ्रमर रूपले आई कलशभित्र पस्दा राजा नरेन्द्रदेव निद्रावश भै कलश ढाक्न नसक्दा उडीगया । पछि वज्राचार्यको लातको चोट खाई भ्रमर रूपी मछेन्द्रनाथ कन कलशमा ढाक्न समर्थ भया । त्यहांपछि गोरक्षनाथ तपस्या गऱ्याका स्थानमा पंचकुमारीबाट गुरु पाल्नुभयाको खवर गोरक्षनाथले सुनी दर्शन गर्नालाई उठी जांदा नागहरू सबै उठी आफ्ना आफ्ना स्थानमा गया । त्यसपछि नेपालमा ठूलो वर्षा बर्स्यो । कोटी जप गरेको स्थानमा डोलपीठ भनी पीठ जगाया । यी राजाले मछेन्द्रनाथ ठूला सहकालका देवता हुन् भनी अनेक विधिकर्म गरी मछेन्द्रनाथकन स्थापित गरी खुशी गराया ।

प्रतिवर्ष रथयात्रा गरी मीननाथका रथ अगाडि गरी देश घुमाई रथारोहण गर्दा सबै देवता आया । पंचायन देवताले विलंब गर्दा गोरक्षनाथकन मेरा संघि बस भन्नी मछेन्द्रको आज्ञा भयो र गोरक्षनाथले पनि गुरुको आज्ञा शिरोपर गरी देशका उत्तर भाग शंखमूल का तीर्थमा स्थान तुल्याई बस्दा भया । नेपाल प्रवेश हुंदा मछेन्द्रको आज्ञा भयो-नेपालमा सहकाल गर्नालाई श्री पशुपति मात्र, आसमुद्रांत त्रिभुवनपर्यन्त सकल लोकका अधिपति उनै हुन् । देवताहरू सबै तिनैका हुकुममा छन् । सबै ब्राह्मण संग गरी वैशाखमा शहरमा आर्यातीर्थका जलले अभिषेक गर्नु र वर्षा सुफल होला

यसै दिनदेखि वैशाख भर पानी चढाउने चलि आयो । मछेन्द्ररथयात्रा भयाका वर्षमा चोभारका रथयात्रा प्रतिवर्ष देवपाटनमा भैरहेको गरी चोभारै फर्काई लैजांदा द्वाता खाङल खोलामा रथ डुबिगयो । देवता जलमा उत्रेकाले लगी सो स्थानमा राखिदिया । त्यस दिनदेखि चौभारको रथयात्रा बन्द भयो । मछेन्द्रनाथ आयाको संख्या अतीत कलिवर्षेषु स्वाङ्ग स्वर रसकरान्विते (२६७६) नेपाल विजये श्री मानाचार्यो वलिकेश्वरः ।

फेरि मछेन्द्रनाथ राख्नाकन अमरापुर नाम गरी १ देश यथाक्रमले बसाया । मैह्ला ६ ललितपुरमा देवालय बनाई बसाया । यिनै रीतले मार्ग मैह्लादेखि वैशाखसम्म उत्तरायण ... फेरि जेष्ठदेखि कार्तिकसम्म दक्षिणायन अमरपुरमा सदा सर्वदा भै गयो ।

अस्य पुत्र नरदेव वर्ष २३ । यी राजाले अघिका देवताका पालामा भै गयाको हरसिद्धिको नाच बन्द भै गयो र वंधुदत्त आचार्यकन बुझाई उठाउंला भनी काम लाउंदा बौद्ध मतले सकेनन् । फेरि कोही पुरुषार्थी ब्राह्मण खोजी यो नाच प्रकट गराया । यी राजाका पालामा शंकराचार्य स्वामीको पुनरागमन भै आफूले चलाई गयाको धर्म चले नचलेको हेरी शंकर स्वामी फर्की गया । हरि-सिद्धिको नाच निज स्वामी आउंदा उठायाको हो । यी स्वामी आउंदा जन्मेका राजपुत्रकन शंकरदेव नामले प्रख्यात गराया ।

अस्य पुत्र शंकरदेव वर्ष १३ । अस्य पुत्र वर्धमान देव वर्ष १३ । अस्य पुत्र बलि देव वर्ष १२ । अस्य पुत्र जय देव वर्ष १५ । अस्य पुत्र बालार्जुन देव वर्ष १७ । अस्य पुत्र विक्रम देव वर्ष १२ । अस्य पुत्र गुण देव वर्ष ५१ । यी राजाले महालक्ष्मीको व्रत गरी सेवा गर्दा राजाकन स्वप्नामा आज्ञा भयो–हे राजन् । परापूर्वमा नेमुनिले नेमुत्तेश्वर नाम नै गरी महादेव स्थापना गरी गयाका स्थान वागमती र विष्णुमतीको संगमको ज्ञानेश्वर बस्याका छन् । त्यही स्थानमा इन्द्रादि देवता नित्य आई लोकेश्वर भेटी अनेक पुराण सुनी जान्छन् । त्यो बडो उत्तम स्थान हो । त्यसै स्थानमा कान्तिपुर नाम गरी देवीका खड्गाकारले पुरी बनाऊ दशहरामा नित्य लाख रूपैयांको कारवार हुनेछ । यति भयासम्म म पनि त्यही शहरमा बसुंला । सो आज्ञा शिरोपर गरी राजाले प्रसन्न भै शुभ साइत पारी अठार हजारका शहर बसाया । सो बखत कलिगत वर्ष ३८२५ थियो ।

फरि यस शहरका रक्षानिमित्त करवीर आदि मसान यथाक्रम गरी बसाया । त्यही क्रमले त्यसका पश्चिमपट्टि विष्णुमतीका तीरमा कंकेश्वरी नाम गरी नवदुर्गा गण बसाया । यस देश दक्षिणका मुलुक क्षेत्रपाल पचली भैरवकन जगाया । देशका उत्तरपट्टि इन्द्राणी देश रक्षा-कारी गरी लुमडी पीठ र मनमैजु पीठ बसाया । फेरि मखन टोलकी ब्राह्मणपुत्री आकासचारिणी तारा योनिमा मिल्न गएकी वीजेश्वरीकन जगाई बसाया । फेरि लोके-श्वरको रथयात्रा गरी चलाई फेरि शहरका उत्तर भाग टोल गरी ठवहिल ग्राम बसाया ।

फेरि यी राजाले धेरै सिपाही संग्रह गरी गै चारै दिशा लडाईं गरी जिती धेरै धन ल्याई पशुपतिनाथकन सुवर्णका धारा युग्म बनाई सुवर्णमिश्रित जलले एक पक्ष-सम्म अभिषेक गरी स्नान गराया । श्री पशुपतिनाथको अघिको छाना बिग्रेकोले धेरै सुन राखी तीन छप्पर तीन तलामात्र छाना बनाइदिया । फेरि नेपालमा अघि नभयाको ताम्रमिश्रित गरी सिंह छाप गरी सुकिला चक्की बनाई चलन गऱ्या ।

अस्य पुत्र मानदेव वर्ष १० । अस्य पुत्र नरसिंहदेव वर्ष २२ । अस्य पुत्र नन्ददेव वर्ष २१ । यी राजाले देवपाटनका सुनन्दाचार्य नाउं गऱ्याका आचार्यसित मत गरी भुवनेश्वरी देवीका अघि भयाका वाह्याभ्यंतर गरी आगम निगम गरी ३ पत्रको ठाउं गरी अघिका तीनहरूलेमात्र प्रवेश कर्म चलाया ।

अस्य पुत्र शुद्धदेव वर्ष १९ । अस्य पुत्र मित्रदेव वर्ष २१ । अस्य पुत्र अरिदेव वर्ष २२ । यी राजाले मल्ल खेल सिकिरहंदा पुत्र जन्म्यो र मल्ल पदवी राखिदिया । अस्य पुत्र अभय मल्ल वर्ष १९ । अस्य पुत्र जयदेव वर्ष १३ । अस्य पुत्र आनन्द मल्ल वर्ष ३५ । यिनका पुर्खाहरूले दुबै शहरको मात्र भोग गर्थ्या । यी कान्छा राजा आनन्द मल्ल बडा पुरुषार्थी हुनाले आफ्ना दाज्यैकन दुबै शहरको भोग गराई आफू पूर्व भागमा गै काशीबाट अन्नपूर्णा देवीकन आवाहन गरी ठूलो भक्ति गरी सुसाइत पारी अघि साना गाउंमात्र भयाको भक्तपुर नाम गरी भैरवकन मध्य पारी बाह्र हजारको शहर बसाया । फेरि यी राजाले दाज्यूका बराबरी गरुंला भन्ती शहरका पूर्व भागमा पर्वतभित्र गयी श्री चंद्रेश्वरीका आज्ञा पाई वनपुर आदि गरी देशहरू ७ प्रकार गरी ठाउं ठाउं वसाया । फेरि चंद्रेश्वरीका पीठ बनेपा नाम गरी बसाया १ । कोही ग्राम सहस्र प्रसिद्ध नेपालका प्रयागतीर्थ इन्द्रेश्वरका संधि गरी पनौती नाम २ । कोही ग्राम नाला भगवती ३ । कोही नारायणसंधि सुलखेल (धुलखेल) ४ । कोही ग्राम धनेश्वर नाम खड्पु ५ । कोही ग्राम ऋषिका आश्रमसंधि चौकोटू ६ । कोही ग्राम नासिकका पीठ संधि सागर ७ । यति ७ प्रकारको गाउं बसाया र फेरि भक्तपुर आई सबै लक्षणक्रमले दरवार बनाई रहंदा नवदुर्गा देवीहरूले सफेद क्रमले राजाकन देखाया र राजाले थिर क्रमले गरी देशका वाह्यांतरले देवीहरूकन बसाया । फेरि वासुकीमा पनि, श्री पशुपतिमा पनि अघिका तामापत्र छानामा सुवर्ण खचित गरी छाना बनाई चढाया । बांकी रहेको धन अचल पर्वत कोठा बनाई बावन करोड संख्याले कोठामा राखी वासुकीकन भंडारे गरी सौंपिदिया ।

यी राजाले दुबै शहर भोग गरी रहंदा एक दिन स्वप्नामा स्वामी स्कंदकुमार आई आज्ञा गरे–हे राजन् ! तिमीले नेपालका राज्य थिर गर्ना निमित्त कुमारहरू जम्मा गरी कंकेश्वरी कालीका स्थानमा जाई १ पक्षसम्म ढुंगा प्रहारले खेलाई राख्नु र म अत्यन्त खुश रहनेछु । प्रजाहरूको पनि परचक्र शत्रु भय नाश होला । यो खेल मकन बाबाले जेष्ठ मासमा आरम्भ गरी खिटीसम्म खेल्न सिकायाको हो । राजाले स्वप्नाको विचार गरी ईश्वरको आज्ञामुताबिक बालकहरू जम्मा गरी प्रतिवर्ष ढुंगा प्रहार कर्म चलाया ।

यी आनन्द मल्लको भोग वर्ष ३५ । यी राजाका पालामा भक्तपुरवासी कोही १ सिद्धले सुवर्ण कर्षणको वेला देखाया । राजाले सबै अर्थ बुझी प्रजाहरूकन गुप्त गरी अर्थलाइ पठाया । भरियाहरू आई आज्ञाबमोजिम गरी भद्रमती र विष्णुमतीको सङ्गम लखु तीर्थ गै राजाका हुकुमबमोजिम धेरै जनाले बालुवाको भारी बोकी ल्यायाको वेलामा कांतिपुरवासी कोही एक साख्वाल नाम गरेको शूद्र जातिले देखी ल्यायाको कारण थाहा भयाकोले भरियाहरू सबलाई फकाई बुझाई लालचवश गराई बालुवाको भारी सबै आफ्ना घर लग्यो । भरियाहरूले फेरि बालुवा सट्टा बोकी भक्तपुर लगे । सो बालुवा सुवर्ण कर्षणको मुहूर्त टरी ल्यायाकोले सुवर्ण भएन । सारव्वालको घर पुग्याको बालुवा मुहूर्तका प्रभावले चौथो दिनमा हेर्दा सबै सुवर्ण भयाको देखियो । यस सुवर्णले सारव्वालले नेपाल भरको सम्वत् फिराई कार्तिक शुक्लका प्रतिपदाका दिनदेखि सम्वत् चलाई दियाको नेपाली सम्वत् हो । आफु पशुपतिका दक्षिण दरवाजामा शिलाको मूर्ति बनाई प्रादुर्भाव गरी उद्धार भै गया ।

अस्य पुत्र भोज देव वर्ष ८ । अस्य पुत्र लक्ष्मीकाम देव वर्ष २२ । अस्य पुत्र जयकाम देव वर्ष २० । यी राजाले आफ्ना बाजेका धन धर्मकार्य निमित्त अनेक नागादि–भय–निवारण वासुकी जगाई साफ मर्यादा गराई तत्वमसि तत्तम् भनाई बाजा बजाई शब्द बोलाई चढाया । यस दिनदेखि पुरीमा चौरादि भय नाश भयो । यी राजाको अर्थ बहुत गुप्त थियो । यी राजाहरू वैश्य कुलमा उत्पन्न भए तापनि बडा पुरुषार्थी हुन् । यी राजाको सन्तान भएन र नुवाकोट पर्वतवासी वैश्यहरू ल्याई नेपाल पुरीमा राजा तुल्याया ।

नुवाकोटबाट आयाका वैश्य राजाको नाम भाष्कर वर्मा वर्ष १३ । अस्य पुत्र नागार्जुन वर्मा वर्ष ३१ । अस्य पुत्र पद्मदेव वर्ष ११ । अस्य पुत्र शंकरदेव वर्ष ११ । यी राजाले दुबै शहरका गुरु पुरोहितको आज्ञा ली कुल देवता स्थापना गराया । फेरि पाटनमा अग्निहोत्र, कान्तिपुरमा कुल देवता स्थापना गराई घर बनाउदा समेत देवताहरूको गजूर नघाई घर नबनाउनू भन्ने किताब गरिदिया ।

फेरि यिनैका पालामा अघि विशालनगरका मध्य स्थानमा शंकराचार्य स्वामीले मार्याका रीसले बांडाहरू १००० मिली ७०० ब्राह्मणहरू मार्या र ती ब्राह्मणहरूका

७०० ब्राह्मणीहरू सती जाँदा शाप गरी गय। । हजारौं ब्राह्मणी नष्ट हुंदा पनि शाप साम्य नहुंदा सतीहरू जागी त्यो मार्गमा कोही जान सकेन । तसर्थ ठूलाठूला पण्डित-हरू ल्याई नंदीवाहन स्थापना गरेको हुनाले यी महादेवको नाउं ज्ञानेश्वर नंदी भयाको हो । नंदी नाम ब्राह्मण भाटभाट्चानी भैगयाकाले नंदिकेश्वर भयाका हो ।

फेरि यी राजाले सुखशान्ति निमित्त नवसागर भगवतीकन प्रेतचतुर्दशीका दिनमा विधिक्रम प्रति वर्ष रथयात्रा गराया । यी भगवतीको अघिको मूर्ति उपर भएकोले खाडलमा गाडी ढुंगाले छोपी राख्या । यी भगवती विश्वकर्माका अवतारले बनायाको हो । यस दिनदेखि सात मूर्ति स्थापित भो ।

७०० ब्राह्मण मऱ्यापछि बाँकी रहेका ब्राह्मण सबै देवपाटनमा गई कंकेश्वरी संधिका नौ चोक भयाको घर बनाई बसाया । ७०० ब्राह्मण मान्याको हुनाले पापी गाउँ छोडी जाऊँ भनी अज्ञतक नाउँ चलेको छ । यस गाँउँमा ब्राह्मण ऋषिहरूका श्रापले भात पकायाको अद्यापि उडेको देखिदैछ ।

यति वैश्यहरू राजा भैरहँदा समयमा कोही अघिका नेपाली राजाका संतान शुद्ध क्षत्रिय जातले दुबै शहर ललितपुर कान्तिपुरका मुख्य मुख्य मानिल भेटी सबैलाई राजी गरी वैश्यहरू सबै धपाई दुबै शहरको राज्य गऱ्या। यी राजाको नाउँ यामदेव वर्ष ३। यिनका समयमा वैश्य सबै भागी नुवाकोटमा बस्न गया । अस्य पुत्र हर्षदेव वर्ष १५। अस्य पुत्र सदाशिव वर्ष २१। यी राजाले दुबै शहरका नजीक गरी पर्वत काष्ट गरी त्रिकोण पारी ठूलो १ देश बसाया। देशको नाउँ राख्न विचार गर्दा अघिका युगमा यसै स्थानमा बसी ग्वालका गाई गै श्री पशुपति-मा नित्य दूध चढाई श्री पशुपतिनाथ प्रकाश गऱ्याको स्थान हुनाले ठूलो कीर्ति स्थान भनी ठहराई कीर्तिपुर नाउँ गरी बसाया । केही दिनपछि वहाँका देशवासी गोठालाहरू वनमा गाई चराउन जांदा केटाकेटीहरू खेल्दा-मा भेडाकांडाको एक बाघको मूर्ति बनाई जिभ्रो हाल्न-लाई पात खोज्न गै आउंदा त्यो बनायाको बाघ जागी संपूर्णलाई खाई भैरवको प्रादुर्भाव भएकोले बाघभैरव प्रकाश भै गया । गोठालाहरू पनि त्यहीं सिद्ध भै गया-का अज्ञ तक छंदै छन् ।

(क्रमशः)

मकवानपुरको सेनवंश

—मातृकाप्रसाद कोइराला

श्री ५ पृथ्वीनारायण शाहले वर्तमान नेपालको रूप सं. १८२५ मा खडा गर्नुभन्दा अगाडि, नेपाल साना साना राज्यमा विभक्त थियो भन्ने कुरा सबैलाई थाहा छ। पश्चिमपट्टि बाईसी चौबीसी राजाहरू र कान्तिपुर उपत्यकाभित्रै कान्तिपुर, भक्तपुर, ललितपुर, कीर्तिपुर, नगदेश इत्यादि गरी ६।७ राजा थिए। तर पूर्वमा भने एकै राज्य थियो–त्यो हो मकवानपुर।

यसको सीमा विस्तार नारायणीका पूर्वीय तटदेखि टिस्टा नदीका पश्चिमी तटसम्म फैलिएको थियो। दक्षिण-तर्फ भारतका चम्पारन, सारन, मुज्जफ्फरपुर, दरभंगा, सहरसा, पुनिया र जलपाईगुडीसम्मको उत्तरी भाग पर्दथ्यो। यस राज्यको वंशधर सेन थिए र आजसम्मका बोलचालका भाषामा "सेन मकवानी" भन्ने चलन छ।

सेन वंशको अर्को हांगो पाल्पाली राजाहरू थिए। पश्चिममा पाल्पाको राज्य पनि अरू राज्यका दांजामा निक्कै ठूलो थियो। पाल्पाली सेन, मकवानपुरबाट गए अथवा मकवानी पाल्पाबाट आए यो कुरा अझै विवा-दास्पद छ र इतिहासकारहरू अझै यसमा एकमत हुन सकेका छैनन् तापनि यो कुरा निर्विवाद छ यी दुवै सेनको नजीकैको नाता थियो र दुवै राज्य एक प्रकार हाराहारीनै जस्ता थिए। (नारायणी पश्चिम र पूर्व)।

पाल्पाका सेनराजा मुकुन्द निकै प्रतापशाली भए र निजले कान्तिपुर उपत्यकासम्म आफ्नु राज्यविस्तार गर्ने प्रयास १३ औं शतकमा गरेको उल्लेख इतिहासमा पाइन्छ। निजको राज्यविस्तारका संबन्धमा हिमवत्खण्ड (पुराण) मा निम्न प्रकारको वर्णन पाइन्छ :–

पूर्वं वाराहक्षेत्रान्तम्, मुक्तिक्षेत्रान्तमुत्तरम्।
पश्चिमं रुरुक्षेत्रान्तम्, हरिक्षेत्रावधीत्यवाक्

अर्थात् पूर्वमा वाराहक्षेत्रको अन्तसम्म (वर्तमान मोरंग झांपा नेपाल या पुनियां, जलपाईगुडी भारतमा) पश्चिम रुरु रिडी क्षेत्रको अन्तसम्म (रिडी, अर्घा, खांची, गुल्मी)।

उत्तरमा मुक्तिक्षेत्रसम्म (बाग्लुङ र मुस्ताङ भोट)।

दक्षिणामा हरिहरक्षेत्रसम्म (गंगाकिनार हाजीपुर, सोनपुरसम्म भन्नाले वर्तमान भारतको मुज्जफ्फरपुर र छपरा जिल्ला)।

सोही पुराणमा वंशको उल्लेख गर्दा मकवानीय भनेकाले पाल्पाका राजाहरू मकवानपुरबाट गएका हुन् भन्ने कुरानै बढ्ता ठीक हो कि भन्ने जनाउंछ। यथा:–

पर्वते, मध्यदेशे च, नेपाले च नराधिप।
मकवानीय वंशोयं तेन लोक: प्रकाशित:॥

मध्यदेश भन्नाले आजको मधेश मात्र नठानी तलतिरको मैदानी भागलाई संझनुपर्दछ।

यी मकवानी सेनहरू को थिए ?–तिनीहरू वंग देशका सेनवंशी थिए कि ? जसले वंगालमा बाह्रौं शतकमा राज्य गरेका थिए। बंगालमा सेनहरू दक्षिणबाट आएका हुन् र यिनीहरू ब्राह्मण थिए भन्ने कुरा पाइन्छ। सातौं शतकदेखि दसौं शतकसम्ममा भारतीय उपमहादेशमा धेरै प्रकारका जाति र वंशहरूको प्रादुर्भाव भयो, राज-पूतहरू सोही अवधिमा निस्केका हुन्। यो यौटा यस्तो संक्रमणकाल थियो, जसमा बौद्ध र हिन्दूहरूको आपसी द्वन्द्व चलिरहेको थियो। ब्राह्मणवादी हिन्दूत्व आफ्नो पुनरुत्थानका लागि सचेष्ट थियो।



A view of the fortifications at Makwanpur. See page 17.

मकवानपुरगढीको किल्लाको एक दृश्य । पृष्ठ १७ ।

नेपालको तराई प्रदेशमा पूर्वदेखि पश्चिमसम्म ठाउं-ठाउंमा प्रशस्त ध्वंसावशेषहरू पाइन्छन्, र सो प्रदेश प्राचीन प्रसिद्ध राज्यहरू जस्तै मगध, विदेह, उत्तर कोशल, अंग, गौड (बंग) क्षित टांस्सिए जस्तै थिए । यस्तो भान हुन्छ पश्चिम प्रान्तबाट पूर्वी प्राचीन राज्य कामरूप, प्राग्ज्योतिषपुर, मणिपुर (आसाम) र अझै पूर्व ब्राह्म, कांबोज, मलयतिर जाने स्थल राजमार्ग हाम्रा देशको तराई प्रदेश वा सो सन्निकट भएर नै जान्थ्यो किनकि सिमरौनगढको आक्रमण गयासुद्दीन तुगलकले बंगालबाट फर्कदा गरेको भन्ने ऐतिहासिक उल्लेख पाइन्छ। मोरंगमा एक ध्वंसावशेष छ (विराटनगरबाट उत्तरपूर्वीय दिशामा) जसलाई राजा धर्मपाल वा धनपालको गढी भनेर अझ-सम्म भन्दैछन् । बंगालका पालवंशीय राजाकै यो गढी हो भन्न सकिन्छ, जो सेनवंशभन्दा अगाडि थिए। मोरङमा प्राप्त मूर्तिहरू बज्रयान मतका बौद्ध र हिन्दू देवदेवीका दुवै थरी छन् ।

सेन शब्दको व्युत्पति "श्रेणिक"बाट हो भन्ने छ । श्रेणिकहरू दक्षिणका चोल राजाका भारादारमा थिए र सेनवंश (वंगीय)का आदिपुरुष सामन्त सेन थिए । चोलहरूको कलिङ्गविजयपछि यिनैका एक संतानले बंगीय सेनवंशको आधिपत्य जमाए। सन् ११९९ मा मुसलमानहरूले सेनवंशलाई पराजित गरेर यिनका वंशधर पूर्व वंग (विक्रमपुर) तिर लागे । गांगेय मध्यदेशमा जब मुस्लिम आक्रमण प्रारंभ भयो, धेरैजसो ब्राह्मण, राजपूत, अघोरपंथी भए र हिमालयका बलिष्ठ काखमा ठाउं ठाउंमा राज्य जमाएर बस्न थाले। तर बिचारणीय कुरा यो छ मकवानी सेनराजाहरूले आफ्ना कोट, किल्ला मधेससित जोरिएकै पहाडहरूमा बनाए। जस्तैः— मकवानपुर गढी, (फलक ८) हरिहरपुर गढी, सिंधुली गढी, उदयपुर गढी, चौदण्डी (भोजपुर) र विजयपुर (मोरंग) मा। पछिल्ला दुइ उपराजधानीका रूपमा थिए । यौटा चाख लाग्दो कुरा यो पनि छ हाम्रा पूर्वीय पहाड जो मकवानीका अधीनस्थ थिए, त्यहां माझी नामक एक विशेष जाति छ, जसको भाषा पूर्वी बंगालको भाषासित मिल्दोजुल्दो छ । हामीले यो कुरा पनि याद राख्नुपर्दछ, केही शतकअगाडि कोशी नदी पूर्वाभिमुखी भएर बग्द-थिन् । महानदा र टिस्टा संगम गरी ब्रह्मपुत्रमा प्रवाहित हुन्थिन् । प्राचीन कालको आवागमनको साधनमा प्रमुख पनि नदी र डुंगा नै हुन् । मोरंग जिल्लाको कोशी-किनारको चतरालाई मोरंगमा चतरागद्दी भनिन्छ। आज-कल त्यहां औलिया बाबाको मठ र गद्दी भएकोले नै गद्दी भनिएको हो भन्ने कसैको अनुमान छ । तर औलिया बाबालाई दिएको गुठ आदि नै मकवानी सेनहरूले दिएका हुन् । अर्को कुरा वर्तमान चतरा साबिकको चतरा होइन र त्यहां भएका पुरातत्वका सामग्री अन्तबाट सारिएका हुन् ।

साबिक चतरा गद्दी, हालको चतराभन्दा कोशीपारी पश्चिमदक्षिणमा थियो र मकवानीहरूले प्रथम गद्दीनशीन भएकोले नै सो ठाउंको नाम पछि गद्दी भन्ने रहेको हो भन्ने अर्को लोकोक्ति छ । साबिक चतरा र रूपनगर (जसको उल्लेख पछि आउनेछ) नजीकै भएकाले यो हुने सम्भावना पनि छ ।

यस्तो बुझिन्छ यो वंशले एघारौं शतकको अन्तमा वा बाह्रौं शतकको प्रारम्भमा आफ्नो राज्यको जग हाले र उन्नाईसौं शतकका प्रारम्भसम्म राज्य गरे। जब यिनीहरू श्री पृथ्वीनारायण शाहद्वारा पराजित भई विशाल नेपालमा सम्मिलित भए । यहां यो स्मरणीय छ श्री ५ पृथ्वीनारायण शाहकी मुमा पनि पाल्पाली सेन राजाकी छोरी र मौसूफ-की प्रथम महारानी पनि मकवानी सेनराजाकै सुपुत्री हुन् । यसबाट पनि सेन वंशको आभिजात्य र गौरव रहेको प्रमाण पाइन्छ । सेन राजाहरू (मकवानी) को राज्य समयसमयमा विस्तृत र संकुचित भए तापनि यो वंशले प्रायः ६००।७०० वर्ष राज्य गरेको बुझिन्छ र गोरखा वंशावलीमा पनि मकवानीहरूको खिल्लत हिन्दू-पति भन्ने उल्लेख छ । नेपालका भूभागमा सर्वप्रथम बन्दूक पत्थरकाला (Hitchlock & matchloks) पैठारी गराउने पनि यिनै मकवानी सेनहरू हुन्। सोबापत निजहरूले दिएका बिर्ता पूर्व ३ नं र सप्तरीका पोखरेल ब्राह्मण-हरू अझसम्म भोग गर्दै थिए। किरात प्रदेशमा आधिपत्य जमाउने पनि सर्वप्रथम मकवानीहरू नै हुन् र इष्ट इण्डिया कम्पनीसित सर्वप्रथम भएको नेपालको संधि मोरंगका राजा कर्णसेनले नै गरेका हुन् ।

मकवानी सेन राजाहरू आफ्ना प्रशस्तिमा श्री रूप-नारायणेत्यादि लेखी अरू विरुदावलि लेख्ने गर्दथे, जस्तो श्री ५ महाराजाधिराजका प्रशस्तिमा नरनारायणेत्यादि लेखिन्छ । श्री रूपनारायण सोही वंशका आदिपुरुषमध्ये कसैको नाम थियो वा सो निजहरूको विशेषण मात्र हो वा कुनै उत्पत्ति स्थानलाई इंगित गर्दछ । बंगालमा रूप-नारायण नामकी नदी छन्, जो सम्भवतः मेदिनीपूर जिल्ला (पुरानो ताम्रलिप्ति) मा पर्दछ । बंगाली सेनको उत्पत्ति-

स्थान यहींनिर हो । बङ्गालको सेनवंश पनि आफ्ना प्रशस्तिमा सोही कुरा लेख्थे वा लेख्दैनथे, ठहराउन सकिन्न र त्यसमा अनुसन्धान गरेमा यथार्थ पत्ता लाग्ला । सो प्रशास्तिका सम्बन्धमा यो पनि भनिन्छ यसको सम्बन्ध सप्तरीको रूपनगरसित छ, जो मकवानी सेनहरूको आदि राजधानी थियो (माथि चतराको उल्लेख यहींनिरको हो) यसमा कुनै सन्देह छैन । रूपनगरवरिपरि कञ्चनपुर, खोजरदओ गुफा (सुनिन्छ चुरेमा गुफाभित्र मूर्तिहरू छन्) आदिमा प्रशस्त पुरातत्वका सामग्रीहरू छन् यसको खोज-तलाश र अन्वेषण हुनु जरूरी छ ।

नेपालमा शैव र बौद्ध धर्मको समन्वय

–चूडानाथ भट्टराय

मनुष्यले धर्मको खोजपूर्ण सिद्धान्त निकालेर पशुसमाजबाट आफू एक तह माथि उठ्यो । अनि धर्मो हि तेषामधिको विशेषः भन्ने कुराको पूरा पुष्टि भयो । धर्म, यो यति ठूलो पुरुषार्थ भयो जसको पञ्जाभित्र सारा विश्व खुकुलैसित अटायो । वर्णाश्रमधर्मपछि आर्यहरूले त्यसकै ज्ञानकाण्डको विस्तृतरूपमा प्रचार गरी वर्णाश्रमभित्र रहेको रूढींबूढीलाई हटाउँदै लगे । ज्ञान सबैको साजा हुन्छ भन्ने क्रान्ति बुद्धबाट शुरू भयो र स्त्री शूद्र पनि प्रव्रज्यामा दीक्षित हुन पाए । अब यति मौलिक भेदले गर्दा एउटा रेखाको फरकमा धर्मको रूपमा आकाशजमीनको भिन्नता देखापर्‍यो । वर्णाश्रमका आधार वेदको घोरविरोधी बुद्धजस्तो हामी कसैलाई पाउंदैनौं । वेदमा अश्वमेघ आदि हिंसामा आधारित सारा कर्मकाण्ड बौद्ध धर्ममा तिरस्कृत, लाञ्छित गरियो ।

संघारामको पृष्ठभूमि त ब्रह्मचर्याश्रमकै हो, तर त्यहां स्त्रीपुरुषको साहचर्य्य रह्यो । प्राकृतिक नियमको यौन आकर्षणबाट दुवै धेरै दिन सम्म बच्न सकेनन् । यसरी कामको विरोधमा सफल भएका मारजित् वुद्धको धर्म कामकलाको प्रश्रय दिदै चक्र संवर आदिको प्रचारक र प्रसारक भयो । यसको राम्ररी व्याख्या मैले भिन्नै गरेको छु ।

सनातनीलाई हामी नेपाली शैव भन्दछौं यसको अर्थ वैष्णव धर्मको विरोधी धर्म भन्ठान्नु हुंदैन । वीर शैव र वीर वैष्णवको काटाकाट पाइन्छ । भारतमा शैव र वैष्णवको पनि ठूलो संघर्ष रह्यो । तर नेपालमा सबैलाई रसायन बनी तन्त्रले जोडेको छ । नेपाल त्यस मध्ये पनि काठमाण्डौं त मन्दिरमय शहर भनेमा अत्युक्ति हुंदैन । यहां हरेक मन्दिरमा भिन्नाभिन्नै वैशिष्ट्य छ । यहां बेग्लाबेग्लै परम्परा छ तर यति विभेदमा पनि एउटा एकता छ त्यो हो तन्त्रको प्रभाव । एउटा दर्शनको आधार छ त्यो हो "कामस्तु कीलकः प्रोक्तः पुरुषार्थचतुष्टये" ।

तन्त्रमा दुई हांगा छ, एक दक्षिणमार्ग अर्को वाममार्ग । दक्षिण मार्गमा वेदको अनुकूल गरी पूजाको परम्परा चलेको छ । यसको दर्शनमा पनि प्रायः त्यही छाप परेको छ । तर वाममार्गमा पंचमकार जुन मद्य, मांस, मैथुन, मीन, मुद्राबाट क्रियाकलापको संचालन गरिन्छ । र त्यसभित्र कीलिकलाई चक्र संवरमा पूर्ण छुट दिइन्छ । त्यसबाट प्रभावित छ । यसरी तन्त्रको दुई नै परम्परा यहां हामी पाउंछौं । जस्तो पशुपतिनाथको शिरमा श्रीचक्रको पूजा र गुह्येश्वरीमा बायां हातबाट देवीको अर्चना । यही छोटकरीमा दुवै संप्रदायको प्रचलनको दिग्दर्शन हो ।

बज्रयान र महायानको पृष्ठगामी नेपाली बौद्धहरूले तन्त्रका पछि लाग्नु पनि आवश्यक नै प्रतीत हुन्छ किनभने यही दुई यानको वरदान रूपमा वाममार्गको प्रस्फुरण भयो भन्ने धेरै विद्वान्को भनाइ केही अंशमा सत्य जस्तो पनि मलाई लाग्छ । नेपालमा यसरी सनातनी र बौद्धलाई नङमासु गरी मिलाएर यही धर्मका विद्वान्हरूले राखे यो ज्यादै महत्वपूर्ण कुरा छ ।

यहां सनातनीहरूले बौद्धको तान्त्रिक देवतालाई आफ्नो रूपमा पुजेका छन् जस्तै संकटा (टेबहालमा) । कुनै रोषणको रूपमा छन् जो संभोगावस्थाको एक देवताको चक्र संवरात्मक रुप हो त्यहां एकता कायम छ । फेरि महाकाल (टुंडिखेलमा) यी पनि बौद्धको तान्त्रिक देवताको ध्यानमा पाउंछौं, त्यहां दुवै धर्मावलम्बीहरूको ऐकमत्य छ । फेरि यता सनातनीहरूको गुह्येश्वरी मन्दिरमा बौद्ध धर्मावलम्बीहरूको श्रद्धा अक्षुण्ण छ । दक्षिणकालीमा र भद्रकालीमा हामी भेद पाउदैनौं आराधना गर्दा । असनमा एकथरी अन्नपूर्णाको कलशको

टिम्बाहरूको भारवहनक्षमताको अनुपातको आधारमा मात्र गर्नू । टिम्बाका केही तल तामाका पाताको बीचमा कमल लेखेको देवता, वेदि वा अग्निकुण्डबराबरको राम्रो चंदुवा जड्नू ।

मण्डपको मध्य केन्द्रविन्दुमा बीच पर्ने गरी माझमा ८ हात समचतुरस्र बराबर चारपाटे १ हात ऊचो स्थण्डिल बनाउनू ।३ वप्र र त्यसका वरिपरि १ हातमा ३ अंगुल गहीरो वेदि बनाउनू । होमकर्म मुख्य छ भने पूर्वपट्टि मूल देवताको वेदि, नेर्ऋत्यमा वास्तुवेदि, ईशानमा गृहवेदि बनाउनू । यी सबै वेदिमा वप्र हुनुपर्छ । वेदि खन्नुपर्दैन । प्रमाणबमोजिम चँदुवा टाङ्नू ।

सिद्धिनरसिंह मल्लका ताडपत्र तमसुकहरू

—शंकरमान राजवंशी

वि. सं. १६७६ को

लमाइ ३ फुट ।
चौडाइ १ इंच ।

यसमा माटाको बाटुलो छाप छ । छापको बीचमा खड्ग र खड्गको तल कलश अङ्कित छ ; खड्गको दायाँबायाँ श्री तथा गोहीको मुख जस्तो बुट्टा अङ्कित छ । यो पत्र राजा सिद्धिनरसिंह मल्लले छ्वाछबाहालका देवसिंह बाँडालाई गरिदिएको हो । यसमा साक्षी चैत्र मल्ल कुमर छन् । यसमा जग्गाबिक्री विषबको उल्लेख छ ।

मूल

१ ॐ स्वस्ति ।। श्रीश्री जय सिद्धिनरसिंह मल्ल प्रभु ठाकुरसन ।। छ्वाछवाहार राजकेवछेननि यंतागृहनिवाशी ग्राहक देवसिंह वादे भाकेसह नाम्ने प्रसादिकृतं स एव छ्वाछबाहाल रछितापलिको पातालभुनाम प्रदेशे श्रीश्रीराजया गृहशिमायां पश्चिमत उर्त्तलत पूर्व्वत मार्ग्गशिमायां दक्षीणतश्च एतन्मध्ये छ्वाछवाहाल पलिको मार्ग्गेन दक्षिणप्रदेश तापलिको पाताखनखा ब ३ कुज तत्पलिको यथा नगलकाल पर्व्वतमानेन सुवर्ण्णमूलमोहोलटंका

२ पिय ४० मादाय स्वादिनाम्ने नवतुकंन्यायन क्रय विक्रियन प्रसादालपा जुरो अत्र पत्रार्थे दृष्टसाक्षी श्रीचैत्र मल्ल कुह्मलजुस ।। सम्वत् ७४० फाल्गुण शुद्धि पूर्णिमाश्यां तिथौ ।। थ्व क्रीन्यया सर्व्वसोधान धुंग्व जुरो ।।

वि. सं. १६८७ को

लम्बाइ २ फुट ३½ इन्च ।
चौडाइ ¾ इन्च ।

यसमा माटाको बाटुलो छाप छ । छाप माथिकै बमोजिमको छ । यो पत्र पनि राजा सिद्धिनरसिंह मल्लले उनै देवसिंहलाई गरिदिएको हो । साक्षी चैत्र मल्ल नै छन् । यसमा जग्गाबिक्री विषयको उल्लेख छ ।

मूल

१ ॐ स्वस्ति श्रीश्री जयसिद्धिनरसिंह मल्ल देव प्रभु ठाकुलसन ।। छ्वाछवाहाल टोल जलमण्डपगृहनिवासि ग्राहक देवसिंहवलि भ्रातृसहनाम्ने प्रसादीकृतं स एव क्वथ्व धलपातालगु नाम प्रदेशे श्रीश्री राजया भुम्यां पश्चिमत उत्तरत पूर्व्वत ग्राहकस्य भुम्यां दक्षीणतश्च एतन्मध्ये कोथ्व टोल पातालसो भुम्यन दक्षीण प्रवेशत पाताल भुंखाअदु तद्भूम्यां यथानगलकाल प्रवर्त्तमानेन सुवर्णपुष्प भारार्ध प्रढौकित मोहरटंका पियच्या ४८ मादाय स्वाधिनान···प्रसादारपा जुरो अत्र पत्रार्थे दृष्टसाक्षी श्रीचैत्र मल्ल कुल मल्ल जुस लिखित कायष्ठ चन्दिदास ।। सम्वत् ७५१ फागुण कृष्ण त्रयोदस्यां तिथौ ।। थ्व क्रीयन यात भर्ण्ण धुंग्व शुभ ।।

वि. सं. १६८९ को

लम्बाइ २ फुट १ इन्च ।
चौडाइ सालाखाला १ इञ्च ।

यसमा माटाको बाटुलो छाप छ । छाप माथिकै बमोजिमको छ । यो पत्र राजा सिद्धिनरसिंह मल्लले

छ्वाछ्वहालका कीर्तिसिंह बाँडालाई गरिदिएको हो । साक्षी चैत्र मल्ल छन् । यसमा जग्गा बिक्री विषयको उल्लेख छ ।

मूल

१ ॐ स्वस्ति ।। श्रीश्री जयसिद्धिनरसिंह मल्ल देव प्रभु ठाकुलसन ।। छ्वाछ्वाहाल टोल लवंतागृह-निवासि ग्राहक किर्तिसिंह वादे नाम्ने प्रसादीकृतं स एव कोथ्व टोलपाताल नाम प्रदेशे ।। ग्राहकस्य पाताल भुम्यां पश्चिमत श्रीश्री राजया पातालभुम्यां उत्तरत पूर्व्वत मार्ग्गशिमायां दक्षीणतश्च एतन्मध्ये कोथ्वटोल पाताल लंन दक्षीण प्रवेश ता पाताल भुंखा २ प्रयि १ तद्भुम्यां यथा नगलकाल प्रवर्त्त-मानेन सु (वर्ण)

२ पुष्पभारार्ध प्रढौकित मोहोर टंका निय २० मादाय स्वाधिनामेन वतुकं न्यायन क्रयविक्रीयन प्रसादालपा जुरो अत्र पत्रार्थे दृष्टसाछी श्रीचैत्र मल्ल कुमलजुस लिखिति कलन कायष्ठ चण्डीदास ।। सम्वत् ७५२ भाद्रपद कृष्ण षष्टम्यां तिथौ ।। थ्व क्रीयुनया भर्ण्ण धुंग्व शुभ ।।

वि. सं १६८९ को

लम्बाइ २ फुट २ इन्च ।
चौडाइ सालाखाला ४ इन्च ।

यसमा माटाको बाटुलो छाप छ। छाप माथिकै बमोजिमको छ । यो पत्र राजा सिद्धिनरसिंह मल्लले यम्वल मंगल टोलका रामदासलाई गरिदिएको हो । यसमा साथी चैत्र मल्ल छन् । यसमा खेत बिक्री विषयको उल्लेख छ ।

मूल

१ ॐ स्वस्ति ।। श्री श्री जयसिद्धिनरसिंह मल्ल देव प्रभु ठाकुलसन ।। यम्वल मंगुल टोल वाकोट ननियिता-गृहनिवासि ग्राहक रामदासनाम्ने प्रसादीकृतं योहोदोल क्षत्रनामप्रदेशे तिलवंकशिमायां पश्चिमत हाथ्वगुठिया क्षत्रशिमायां पूर्व्वत दर्थलाछ जोगिचावावुया क्षत्र-शिमायां उत्तरत दक्षीणतश्च एतन्मध्ये योहोदोल क्षत्र-नाम सज्ञक ञयरोपनिकं रोवाङ्क वोव स्व ३ तत्क्षत्र यथा नगलकार प्रवर्त्तमानेन सुवर्ण पूष्पभारार्ध प्रढौ-कितमोहोलटंका

२ ङयपि ५४ मादाय स्वधिनामेनवतुकं न्यायन क्रयविक्रि-यन प्रसादालपा जुरो अत्र पत्रार्थे दृष्ट साक्षी श्री चैत्र मल्ल कुमलजुस लिखिति कलन कायष्ट चन्दीदास ।। सम्वत् ७५२ भाद्रपदकृष्णचतुर्दस्यां तिथौ थ्व क्रीन्यनुयया भर्ण धुंग्व शुभ

वि. सं. १६८९ को

लम्वाइ २ फुट ½ इन्च
चौडाइ सालाखाला १½ इन्च ।

यसमा माटाको बाटुलो छाप छ । छाप माथिकै बमोजिमको छ । यो पत्र राजा सिद्धिनरसिंह मल्लले यखालखु टोलका जीवराजलाई गरिदिएको हो । साक्षी चैत्र मल्ल छन् यसमा घरबिक्री विषयको उल्लेख छ ।

मूल

१ ॐ स्वस्ति ।। श्री श्री जयसिद्धिनरसिंह मल्ल देव प्रभु ठाकुलसन यखालखु टोल सोंगछे लयितागृह निवासि ग्राहक जिवराज नाम्ने प्रसादीकृतं स एव तवदो छ यंतागृहनामप्रदेशे ग्राहकस्य गृहसिमायां पश्चि-मत स एव ग्राहकया छेव ननिसिमावन उत्तरत रुद्रसिं-हस्य गृहसिमायां पूर्व्वत मार्ग्गशिमायां दक्षीणतश्च एत-न्मध्ये तवदोछे ननिगृह ननिन उत्रत वेश रक्षीणाभिमूख तागृहजावस

२ खा नसे २ कु २ पाताल खा १ कु ४४× तद्गृह यथा नगल प्रवर्त्तमानेन सुवर्ण्ण पूष्पभारार्ध प्रढौकित मोहोरटंका शलछिव पियपि १४४ मादाय स्वाधिना-मनवतुकं न्यायन क्रय विक्रीयन प्रसादारपा जुरो अत्र पत्रार्थे दृष्टसाक्षी श्री चैत्र मल्ल कुमलजुस लिखिति करन कायष्ठ चण्डीदास ।। सम्वत् ७५३ पौष कृष्ण एकादस्यां तिथौ ।। भर्ण्णशुद्धकं दुंते धुंग्व ।। शुभ ।।

वि. सं. १६९२ को

लम्बाइ २ फुट ८½ इन्च ।
चौडाइ सालाखाला २½ इन्च ।

यसमा माटाको बाटुलो छाप छ । छाप माथिकै

बमोजिमको छ । यो पत्र राजा सिद्धिनरसिंह मल्लले दथुछ्वल टोल तङ्या यिकुननिका पात्रवंश राउत काशीरामलाई गरिदिएको हो । यसमा साक्षी श्री श्री जय श्रीनिवास मल्ल देव ठाकुर छन् । यसमा खेत बिक्री विषयको उल्लेख छ ।

मूल

१ ॐ स्वस्ति ।। श्रीश्री जय सिद्धिनरसिंह मल्ल देव प्रभु ठाकुलसन ।। दर्थ छ्वल टोल तवङ्गचाल यिकुलननि वंतागृह निवासि ।। ग्राहक पात्रवंश राउर्त्त काशिराम भ्रातृसहनाम्ने प्रसादीकृतं वदलक्षत्र नाम प्रदेशे ।। ङातापोल वावुराज पुनया क्षत्रेन तिनत्रंकशिमायां पश्चिमत श्रीश्रीराजया क्षत्रेन कुटु-सिंहकस्य क्षत्रेन जिसिंहकस्य क्षत्रेन त्रयशिमायां उर्त्तरत स्वल्यमार्ग शिमायां स एव वालुराज पुनया क्षत्रेन दोयो शिमायां

२ पूर्व्वत ।। स एव वावुराजपुनकस्य क्षत्रेन यंछु पलिको भेल्वया क्षत्रेन दोयो सिमायां दक्षीणतश्च एतन्मध्ये वदलक्षत्रनामकसंज्ञक पञ्चरोपनिकं रोवाङ्क रोव ५ तत्क्षेत्र यथा नगलकाल प्रवर्त्तमानेन सुवण-पुष्पमारार्घ प्रढौकित मोहोरटंका शलछि व सलनच्या ११८ मादाय स्वाधिमामेन वतुकं न्यायन क्रयविक्री-यन प्रसादारपा जुरो अत्र पत्रार्थे दृष्टसाक्षी श्रीश्री जयश्रीनिवास मल्लदेव ठाकुलस ।। लिखिति करत काय

३ ष्ठ चण्डीदास ।। सम्वत् ७५५ वैशाष कृष्ण प्रतिपद्यां तिथौ ।। थ्व क्रीयन या भर्ण्ण धुग्व जुरो शुभ ।।

वि. सं. १७१७ को

लम्बाइ १ फुट ६' इञ्च ।
चौडाइ $\frac{8}{?}$ इञ्च ।

यसमा माटाको बाटुलो छाप छ । छाप माथिकै बमोजिमको छ । यो पत्र राजा सिद्धिनरसिंह मल्लले चापागाउँका वहडकाल जवनसिंहलाई गरिदिएको हो । यसमा साक्षी श्रीनिवास मल्ल छन् । यहाँ बारी बिक्री विषयको उल्लेख छ ।

मूल

१ ॐ स्वस्ति ।। श्रीश्रीजयसिद्धिनरसिंह मल्ल देव प्रभु ठाकुरसन ओवादेश येलखां टुंथ्वया घत्रिगृह निवासी ग्राहक वहडकाल जवनसिंह नाम्ने प्रसादीकृतं वुसिदोल वातिकानामप्रदेशे ग्राहकस्य क्षत्रात्पश्चिमत भ्हुकन-सिंहया क्षत्राद् त्तरत श्रीश्रीराजया क्षेल भुमंन पूर्व्वत दक्षिणतश्च एतन्मध्ये तद्वातिका सार्द्धसह

२ द्वयो कषा ङ्कुकर्ष नसि २ जव नसि २ तद्वातिका यथा देशकालप्रवर्त्तमानेन सुवर्ण्णपुष्प मालार्घ प्रढौकृत मोहर टंका चयगु ८९ आदाय स्वाधिनावर्त्तकं न्यायन क्रीविक्रीन प्रसादारपा जुरो अत्र पत्रार्थे दृष्ट साक्षी श्रीश्री जयश्रीवास मल्ल देवप्रभु ठाकुरस लिखित देवज्ञ सिद्धिराज सम्वत् ७८०

३ नष्टज्येष्ठशुक्ल दशम्यां तिथौ भर्ण्ण शुद्धकं दुंत धुंङ शुभ ।।

वि. सं. १७१८ को

लम्बाइ १ फुट ५$\frac{3}{4}$ इञ्च
चौडाइ १$\frac{1}{2}$ इञ्च

यसमा माटाको बाटुलो छाप छ । छाप माथिकै बमोजिको छ । यो पत्र राजा सिद्धिनरसिंह मल्लले खोकनाका जयनराजलाई गरिदिएको हो । यसमा साक्षी श्रीनिवास मल्ल छन् । यहाँ बारी विक्री विषयको उल्लेख छ ।

मूल

१ ॐ स्वस्ति ।। श्रीश्रीजय सिद्धिनरसिंह मल्ल देव प्रभु ठाकुरसन खोकनादेश थंथ्वला छलं येतागृह-निवासी ग्राहक जयनराज नाम्ने प्रसादीकृतं ह्लथ्व खोसिवातिकानाम प्रदेशे श्रीश्री राजाया वातिका शिमायाः पश्चिमत उत्तरत पूर्व्वत नदीशिमाया दक्षिणतश्च

२ एतन्मध्ये तद्वातिकात्रय कषा ङ्कुकर्ष स्वं ३ तद्वातिका यथादेशकाल प्रवर्त्तमानेन सुवर्ण्णपुष्पमालार्घ प्रढौकृत मोहोरटंका शुयगु ३९ आदाय स्वाधिनावर्त्तकं

न्यायेन क्रीविक्रीन प्रसादारपा जुरो अत्र पत्रार्थे दृष्टसाक्षी श्रीश्री जय श्रीनिवासमल्ल देव प्रभु

३ ठाकुरस लिखित दैवज्ञ उद्धवराज सम्वत् ७८१ चैत्रशुक्ल पञ्चम्यां तिथौ भर्णशुद्धकं दुंते धुंङ शुभ ।।

टिप्पणी

यी तमसुक ताडपत्रहरू राष्ट्रिय अभिलेखालयमा संग्रह भएका छन् । यो संग्रह वीरपुस्तकालय घण्टाघरमा छंदा भएको हो । मल्ल राजाका घरायसी पत्र प्रायः यसै ताडपत्रमा लेखिन्थे । यी ताडपत्र तमसुक अद्यापि अप्रकाशित थिए । साक्षी राख्दा उत्तराधिकारीलाई राख्ने चलन छ । प्रामाणको लागि छाप लगाउने पनि चलन छ । सो छाप बलियो माटो गथिचाको हुन्छ । छाप लगाउँदा लाहाछाप लगाए झैं लगाइन्छ । सो छाप ताडपत्रको छेउमा लगाइएको हुन्छ । छाप खस्न नपाउने गरी ताडकै डोरीले बाँधिएको हुन्छ । छापमा देवी खड्ग कलश श्री आदि अङ्कित गरिएको हुन्छ । यस चिह्नबाट तिनीहरूको संप्रदाय बुझ्न सकिन्छ ।

राजा मिद्धिनरसिंह मल्लले गरिदिएका यी ताडपत्र तमसुकमा लिपि नेवारी छ । भाषा संस्कृत मिसिएको नेवारी छ । संस्कृत प्रायः अशुद्ध छ । लेखमा पद छुट्टिएको छैन । कतै २ पङ्क्ति कतै ३ पङ्क्ति अक्षर छन् । पढ्न सजिलोको लागि पद सम्म छुट्टयाई पङ्क्ति र अक्षर जस्ताको तस्तो दिइएको छ । घर बारी खेत बिक्री गरिएको तमसुक हुनाले यी ताडपत्रहरूमा विशेष गरी ठाउँकै उल्लेख छ । लिच्छवि शिलाभिलेखमा उल्लिखित ठाउँको पत्ता लगाउन यस्ता ताडपत्रबाट मद्दत मिल्न सक्छ । यी पत्रमा केवल क्रयविक्रयको मात्र कुरा हुनाले त्यति कुरा बुझ्न मूलैबाट पर्याप्ति हुने हुंदा अनुवाद दिइएन । उल्लिखित ठाउँको यथार्थ पत्ता लगाउन सकिएमा यसको विशेष व्याख्या हुन सक्छ । यस कारण अहिलेलाई यहाँ परिचय र मूलसम्म दिइएको छ । विशेष व्याख्या दिंदा अनुवाद सहित पछि दिइनेछ ।

राजा सिद्धिनरसिंह मल्ल ललितपुरका राजा हुन् । यिनले वि. सं १६७६ देखि १६८९ सम्म गरिदिएका तमसुकमा चाँहि सिद्धिनरसिंहले श्रीनिवास मल्ललाई साक्षी राखेका छन् । चैत्रमल्ललाई कुह्मल भन्ने पदवी दिइएको छ । श्रीनिवासलाई चाहिँ ठाकुर भन्ने पदवी दिइएको छ । चैत्र मल्ल भन्ने इतिहासमा नयाँ व्यक्ति देखा पर्न आएका छन् । यी चैत्र मल्लको यथार्थ परिचय थाहा हुन सकेको छैन । राजा सिद्धिनरसिंह मल्लको अन्तिम समय वि. सं. १७१७ सम्म थाहा थियो । अहिले यिनले गरिदिएको तमसुक ताडपत्रबाट वि. सं. १७१८ सम्म सिद्धिनरसिंहको समय रहेको कुरो ज्ञात हुन आएको छ ।

राजा सिद्धिनरसिंह मल्ल धर्मात्मा तथा कृष्णका भक्त थिए । यिनले वि. सं. १६९३ मा स्थापना गरेको ललितपुरको २१ गजूर भएको भित्ता भित्तामा रामायण महाभारतका कथाका घटनाहरू कुँदिएको कृष्णमन्दिर प्रसिद्ध छ । योबाहेक ललितपुरमा सिद्धिनरसिंहले राखेका अरू कीर्ति धेरै छन् ।

यी तमसुक ताडपत्रहरूमा संवत् महीना तिथिसम्म मात्र उल्लेख गरिएका छन् । वारको चाहिँ उल्लेख छैन । यहाँ दिइएका महीना अमान्तमानका हुन् । अमान्तमानको कृष्णपक्षमा चाहिँ अहिलेको पूर्णान्तिमानको हिसावले त्योभन्दा पछिल्लो महीना हुन्छ । वि. सं. १७१७ मा ज्येष्ठमा मलमास परेको थियो । मलमासलाई अहिले अधिमास पनि भन्ने चलन छ । तिन ताक मलमासलाई नष्टमास भन्ने चलन रहेछ भन्ने कुरो वि. सं. १७१७ को तमसुक ताडपत्रमा "नष्टज्येष्ठशुक्लदशम्यां तिथौ" भनी लेखेको हुनाले स्पष्ट छ । यहाँ वारको उल्लेख नभएकोले गणना दिनुपर्ने मतलब रहेन ।

वराहक्षेत्र र केही अन्य स्थल

जनकलाल शर्मा

(वराह क्षेत्र र त्यसका आसपासका केही स्थलको पुरातात्विक अन्वेषण पुरातत्व विभागले २०१७ सालमा गरेको थियो । यसै प्रसङ्गमा पुरातत्व विभागका प्रधान अनुसन्धान अधिकारी (त्यससमय फिल्ड–एक्सक्याभेटर) श्री जनकलाल शर्माले दिनुभएको प्रतिवेदन पाठकका समक्ष प्रस्तुत छ ।–सं.)

वराहक्षेत्र ।

यो स्थान वर्तमान चतरागद्दीबाट २ कोश उत्तर–पश्चिम सप्तकोशी र कोका नदीको उत्तर–पश्चिम सप्तकोशी र कोकानदीको दोभानमा पर्दछ (फलक १. क.) । वराहक्षेत्र पूर्वी नेपालको प्रसिद्ध तीर्थ हो । यहां पुग्ने बाटो अत्यन्त विकट भए पनि यसको प्रसिद्धिले गर्दा सहज हुन आएको छ । यहां शाहकालभन्दा पूर्वका कुनै अभिलेख प्राप्त भएका छैनन् अतः ऐतिहासिक अथवा पुरातात्वक अनुसन्धानमा बडो बाधा परेको छ ।

भारतीय पुरातत्वका अन्वेषक श्री दिनेशचन्द्र सरकारले सम्पादन गर्नुभएको एक पुस्तक[1]को दामोदर-पुर ताम्रलेखमा—

हिमवच्छिखरे कोकामुख स्वामिनः
चत्वारः कुल्यवापाः श्वेतवराहः
स्वामिनोपि सप्तकुल्यवापाः

भन्ने वाक्य अंकित छ । यो ताम्रलेख भारतका प्रसिद्ध गुप्तवंशका राजा बुध गुप्त (ई. स. ४७६–२४–९५)का समयको हो [2]। यस पुस्तकको आर्को दामोदरपुर ताम्रलेखमा पनि—

मन्मातुः (पु) ण्याभिवृद्धये
अत्रारण्ये भगवतः श्वेतवराह
स्वामिनो देवकुले खण्ड फुट्ट प्रति
(सं) स्का (र) (क) रणाय

भन्ने वाक्य अंकित छ । यो अभिलेख गुप्त संवत् २२४ अर्थात् ४५३ ई. स. को हो । यसमा राजाको नाम छैन [3] । उपर्युक्त यी दुवै ताम्रलेखका अनुसार पहाडको जंगलमा रहेका कोकामुखवराह र श्वेतवराहको अस्तित्व जनाउंछ । यी दुवै ताम्रलेखमा उल्लेख भएका कोकामुखवराह र श्वेतवराह यसै वराहक्षेत्रमा रहेका कोकामुखवराह र श्वेतवराह हुन् । कारण यिनको अस्तित्व आज पनि यसै नामले वराहक्षेत्रमा छ । साथै उक्त ताम्रलेखमा उल्लेख भएको वराहक्षेत्र यही हो भन्ने पुष्टि वराहपुराणको निम्नलिखित वाक्यले पनि गर्दछ—

अस्ति मत्स्यशिला नाम गुह्यं कोकामुखे वरम् ।
धारा पतन्ति तिस्रो वै कौशिकीमाश्रिता नदीम् ।।

कोशिकी र कोकानदीको संगममा वराहक्षेत्र पर्दछ । भन्ने कुरा हामीले माथिनै प्रसंगवश भनिसकेका छौं ।

१,२,३–हेर्नुहोस्– *D. C. SIRCAR Select Inscriptions Bearing On Indian History And Civilization, Volume–1–Damodarpur Copper Plate Inscription, No. 36 and 39; 328–30; 337;–40*

यस सिद्धान्तअनुसार वराहक्षेत्रको अस्तित्व ईसाको पांचौ शताब्दीभन्दा पूर्वको भयो । त्यस समयदेखि अहिलेसम्म कति मूर्ति नष्ट भए त्यसको लेखोजोखो छैन । तर त्यहां जनताको अपार श्रद्धामा कहिल्यै कमी आएन । हाल यहांका दर्शनीय स्थानका मन्दिर यस प्रकार छन्:—

१. वराह भगवान् ।	२. पान्त भगवान् ।
३. लक्ष्मी	४. इन्द्रवराह ।
५. नागेश्वर वराह ।	६. गुरु वराह ।
७. सूर्यवराह (श्वेतवराह ?)	८. कोकावराह ।
९. बदरी मुक्तेश्वर ।	

यी मध्ये १,२,३, एउटै हातमा छन् र यसलाई जुद्धशमशेरले जीर्णोद्धार गरेका हुंदा यिनका मन्दिर सुरक्षित छन् तर अन्य मन्दिर जीर्णप्रायः छन् । यसबाहेक यहां अनेक मूर्ति यत्रतत्र विकीर्ण छन् (फलक १ ख, ३ ख) । गुरुवराहको मन्दिरमा एउटा विशाल वराहको भग्न मूर्ति राखिएको छ । त्यो केही वर्षअघि मात्र यस मन्दिरका छेउको कान्लोमा पहिरो जांदा भेटिएको हो भन्ने त्यहांको पुजारीको भनाइ छ । यो मूर्ति एक मानिस अग्लो छ र यो निकै कलात्मक छ । यो मूर्तिको कलाबाट १३ रौं १४ धौं शताब्दीको प्रतीत हुन्छ । यसबाहेक वराहक्षेत्रमा बाटो खन्दा एउटा लकुलिश मूर्ति २०१४ सालमा फेला परेको थियो त्यो हाल धरानको प्रहरी कार्यालयको हातमा राखिएको छ (फलक २) । वराहक्षेत्रभन्दा एक कोशमाथि डांडामा सूर्यकुण्ड नामक स्थान छ । यहां जुन समयमा वराहक्षेत्रमा मेला लाग्छ । (अर्थात् बालाचतुर्दशीमा) मानिस त्यहां जान्छन् । त्यो कुण्डको इलाका खानी जस्तो छ । त्यहांका कोइला ल्याएर कालो मसी बनाउंछन् । र यो कसैले यज्ञ गरेको कुण्ड हो भन्ने जनविश्वास छ । तर यो कोइलाखानी जस्तो छ ।

चतरागद्दी

यो स्थान विजयपुरबाट ५ कोश पश्चिम सप्तकोशीको किनारमा पर्दछ । यो नेपाल अधिराज्यका ठूला ठूला मठमध्ये एक हो ।

चतरा गद्दीको स्थापना कुन समयमा भयो त्यसको केही विशेष उल्लेख पाइंदैन । तर एउटा किंवदन्तीअनुसार यो मठ सेनहरूका पालामा स्थापित भएको अनुमान हुन्छ । किंवदन्ती यस प्रकार छ :—

परापूर्वकालमा एक जना सिद्ध वराहक्षेत्रका छेउ कोशी किनारमा तपस्या गरेर बसेका थिए । त्यसै अवसरमा कुनै एक सेन वंशका राजा पुत्रलाभ नभएको विरहमा तीर्थवास गर्न वराहक्षेत्र आए । त्यसै समय नाउद्वारा वराहक्षेत्र जान लाग्दा बाटामा सिद्धको आश्रम फेला पारेर त्यहां केही समय आराम गर्ने विचार लिएर आश्रमतिर लागे । आश्रम (गुफा) ठीक कोशीको किनारमा थियो । सिद्धले राजा आफ्नू आश्रमतिर आउन लागेको देखी स्वागतका निमित्त आफूले ओढेको लुगा एकातिर भूँमा राखी राजाका निमित्त आसन दिए । सिद्ध र राजाको केही समय बातचित भयो ।

यत्तिकैमा सिद्धले एउटा कुनामा थुपारेको ओढ्ने सगबगाउन लागेको देखेर राजालाई शंका भयो र मनमनै भन्न लागे "यो सिद्ध मनाउंदो फुस्रो त शिकारी पो रहेछ, यसले के छोपेर राखेको रहेछ र सगबनाउन लाग्यो ।" मनमनै यति विचार गरेर उनले भने "योगी राज ! यो के सगबगायो ? सिद्धले स्वाभाविकरूपले भने– केही होइन, मेरो लुगा हो ।" राजालाई सिद्धको कुरा विश्वास भएन र त्यो लुगा उठाएर हेर्ने विचार गरेर लुगा उठाउन आफनो हात बढाए । त्यो देखेर सिद्धले भने–त्यो लुगामा हात नलगाऊ, अन्यथा तिमीलाई अनिष्ट हुनेछ । तर राजाले मानेनन् र लुगा उठाइछोडे । आखिर त्यहां केही फेला परेन । राजा थर्थर काम्न लागे । सिद्धले भने– तिमीले भनेको मानेनौं, हेर तिमीलाई औलिया (काम) जरो आयो । राजाले सिद्धिसित बिन्ति गरे– "महाराज ! यो के लीला हो, मैले केही पनि बुझिन ।"

सिद्धले राजालाई भने–"हेर, मैले यसमा औलिया जरो राखेको थिएं । तिमीले देखेका थियौ, तिमी आउनलाग्दा मैले यो लुगा आफ्नु शरीरबाट झिकेर त्यहां राखें । मलाई जरो आइरहेको थियो । जरो नहटाए तिम्रो स्वागत गर्न असमर्थ हुने थिएँ । त्यसकारण मंत्रबलले

औलिया जरो त्यस गुदडी (धाङ्ना)मा राखी तिम्रो स्वागत गरें । तिमीले भनेको मानेनौं दुःख पायौ ।"

राजाले आफ्नु मूर्खताप्रति खेद प्रकट गर्दै सिद्धका पाउमा शिर राखेर रुंदै भने 'धन्य महात्मा, तपाई ठूलो सिद्ध हुनुहुंदो रहेछ । मैले तपाईंप्रति अविश्वास गरेर ठूलो भूल गरें । क्षमा पाऊं ।"

सिद्धले 'कोई बात नही' भन्दै मंत्रबलद्वारा राजाका आङमा चढेको जरो उतारी पुनः त्यही गुदडीमा सारिदिए । गुदडी पुनः काम्न वा सगबगाउन थाल्यो । राजालाई माफी दिंदै प्रेमपूर्वक आफ्ना हातले राजाको शिर उठाई भन्न लागे 'बच्चा विश्वास नगर्दा यस्तै हुन्छ । ईश्वर पनि विश्वासमै छन् । त्यसकारण विश्वास भनेको ठूलो कुरो हो । अर्काले भनेका कुरामा त्यसै नबुझी अविश्वास गर्नु हुन्न ।

राजा लाजले भुतुक्क भए र एक छिनपछि मनमा विचार गरेर यी साह्रै ठूला सिद्ध रहेछन् मैले यिनको के सेवा गर्ने "भन्ने मनमा विचार गर्दा उनको ध्यान आफूले लगाइराखेको हीराको मालामा पर्‍यो र त्यै माला फुकालेर सिद्धका गलामा लगाइदिए । सिद्धले तत्कालै फकालेर हातमा लिंदै भने "हेर जोगीलाई यस्तो कीम्मती माला के काम लाग्छ ? यो तिमी नै राख ।" सिद्धको कुरा राजाले सुनेनन् र त्यो माला उनले नजीकै बगिरहेको कोशीको अथाह जलराशिमा हुर्‍याइदिए ।

यो तमाशा देखेर राजाले मनमनै रिसाएर यो फुस्रालाई मेरो माला बांदरको हातमा नरिवल भयो भनी मुखले "हजूरलाई त्यो माला आदरसाथ राख्नु होला भनेर पो श्रद्धाले टक्र्याएको हुं फ्यांक्न ता दिएको होइन" भने ।

सिद्धले शान्तिपूर्वक हांसेर भने "बच्चा, तिमीलाई थाहा छैन । मैले तिमीले दिएको माला आदरसाथ लिएर कोशी माईलाई राख्न दिएको छु, धन्दा नमान" तर राजाले यस कुरामा कति पनि विश्वास गरेनन् । फलस्वरूप सिद्धले अलिल झर्किएर भने "कोशी माई, खोइ त्यो अघिको माला ।।"

यति भन्नासाथ अघि राजाले सिद्धलाई लगाइदिएका जस्तै ५ ओटा माला एउटा स्वर्णथालीमा अगाडि थुप्रो लागे र सिद्धले भने "लौ लैजा तेरो माला चिनेर । तंलाई आफ्नो मालाको साह्रै माया लाग्यो होइन?" राजा अकमक्क परे । राजाले आफ्नू र अरू माला छुट्याउन सकेनन् र जोगीले एउटा माला टिपेर दिए । राजालाई आफूले दिइसकेको माला फिर्ता लिन साह्रै अप्ठ्यारो लाग्यो । तर नलिई सुख पाएनन् । सिद्धले बांकी चार माला उसै गरी कोशीमा फ्यांकिदिए । राजा आश्चर्यचकित भए ।

यति घटना घटिसकेपछि सिद्धले सोधे–"तिमी बडो शंकालु मानिस रहेछौ । तिमी अवश्य पनि कुनै देशका राजा हौ । अन्यथा यस्तो अविश्वास र शंका अरू कसैले गर्दैन । भन को हौ तिमी ?" भन्दा राजाले भने–ठीक हो, म फलानो देशको राजा हुँ । बुढेसकालसम्म पनि पुत्र–लाभ नभएकोले आफ्नू राज्य केही समयका लागि मन्त्रीहरूका जिम्मा लगाई वराहक्षेत्रमा तीर्थवास गरी हरिभजन गर्न आएको हुं,' भन्दा तिम्रो अहिले हरिभजन गर्ने वेला भएको छैन, जाऊ आफ्नू राजकाज संभाल । तिमीलाई चार पुत्र हुनेछन्," भनी सिद्धले भने । साथै सिद्धले यो पनि भने–'तिम्रो जेठो छोरो मलाई दिनुपर्छ र तीन भाइले तिम्रा साथ राजकाज चलाउनेछन् ।'

राजाले सिद्धको आज्ञा शिरोपर गरी "हओस्" भन्ने बिन्ति चढाए । त्यसपछि राजा सिद्धसित बिदा भएर वराहक्षेत्रको दर्शन गरी आफ्ना राज्यतिर लागे । केही समयपछि सिद्धको आशीर्वादअनुसार राजाका क्रमशः ४ छोरा भए । आफ्नू प्रतिज्ञाअनुसार आफ्नू जेठो छोरो लिई राजा सिद्धकहां गएर, दर्शन गराए । तीः छोरालाई पनि राजाले साथमा लगेका थिए । सिद्धले राजाका जेठा छोरालाई आफ्नो साथमा राखे, माहिलालाई विजयपुर, साहिंलालाई चौदण्डीमा राज्य गर्न आशीर्वाद दिए । साथै कान्छालाई बाबुको उत्तराधिकार थाम्ने आशीर्वाद दिए । यसपछि राजा प्रसन्नतापूर्वक आफ्नो राजधानीतिर फर्के । सिद्धको आशीर्वादअनुसार क्रमशः माहिला र साहिंला विजयपुर र चौदण्डीका राजा भए । कान्छाले बाबुको उत्तराधिकार थामे ।

रहंदाबस्ता जेठालाई पनि सिद्धले चतराको राजा तुल्याए । तर सिद्धको प्रभावमा परेर उ विरक्त भयो

र विवाह गर्न अस्वीकार गऱ्यो र साथै राजगद्दीमा पनि बसेन । उसले आफ्ना गुरु सिद्धको गुदडी (पुरानो लुगा) जुन लुगामा अघि वर्णन गरिएअनुसार औलिया जरो सारेका थिए त्यसैलाई गद्दीमा राखी चलाउन लागे। त्यसैकारण यस राज्यको नाम औलिया बाबाका गद्दीका नामले प्रसिद्ध भयो । अहिले पनि यसलाई औलिया बाबाको गद्दी भन्दछन् । त्यसै समयदेखि यस क्षेत्रमा अर्थात् विजयपुर, चतरा र चौदण्डीमा सेनहरूको राज्य कायम भयो । राजाको जेठो छोरो विरक्त भएकोले यसको उत्तराधिकार चेलाहरूका हातमा गएकोले चतरा गद्दी जोगीको मठ भयो । अरू राज्य गोरखा राजवंशका राजा पृथ्वीनारायण शाहको विजय यात्रासम्म उपराजधानीका रूपमा कायम रहे ।

चतरागद्दी जोगीको मठ भए तापनि जंगबहादुरका पालामा सम्म त्यसमा सरकारको कुनै हस्तक्षेप भएको थिएन । एउटा स्वतन्त्र राज्यको रूपमा कायमै थियो ।

यसका सम्बन्धमा भनिन्छ जंगबहादुर राणा नेपालको प्रधानमन्त्री नहुदै मोरंगमा शिकार खेल्न गएका थिए । त्यस समय उनले चतरागद्दीका महन्तसित केही हात्ती शिकारका निमित्त मागे । तर मठाधीशले हात्ती दिन अस्वीकार गरी–"हात्ती आफ्नू राज्यको कामका निमित्त पालेका हुन् नेपाल सरकारलाई दिन होइन।" यो कुरा जंगबहादुरका मनमा साह्रै गड्यो । त्यस समय उनका हातमा बागडोर थिएन, अतः त्यसै चूप लागे ।

रहंदाबस्दा उनी नेपालका प्रधानमन्त्री भए । उनलाई त्यो कुरा मनमा साह्रै बिझेको थियो । अतः सर्वप्रथम उनले त्यसै मठमा हमला गरेर नेपाल सरकारको हातमा पारे । त्यसपछि आफ्ना मन परेका विश्वासपात्र घरबारी संन्यासी गौतम भारतीलाई सालको पांच हजार सलामी बुझाउने गरी उनका सन्तान दरसन्तानले खाने व्यवस्थाको लालमोहर गराएर दिए । गौतम भारतीपछि यो मठ केही समयका लागि अज्ञात कारणबाट सरकार लाग्यो । धेरै समयपछि उनका उत्तराधिकारीहरूले सरकारसित निवेदन गर्दा यो मठ पुनः राजराजेश्वर भारतीका हातमा आयो । त्यसपछि पुनः भारतीयहरूका हातबाट छुटचो र हाल फेरि उनै भारतीका उत्तराधिकारी श्रीप्रसाद भारती त्यस मठका महन्त भए जो अथापि उपयोग गरिनै रहेका छन् ।

माथि उल्लेख गरिएका सिद्धको नामका संवन्धमा भनिन्छ पहिले उनको नाम मनमुकुन्द बाबा थियो । सेन राजा आएका समय आफूलाई आएको औलिया जरो आफ्नू लुगामा मंत्रबलले पन्साएको हुंदा त्यस समयदेखि औलो (ज्वरो) काबूमा राख्ने बाबाका नामले प्रसिद्ध भए पछि त्यसैको छोटकरीमा औलिया बाबा भए । उनको नाम औलिया बाबा भएको कुरामा अर्को किंवदन्ती पनि पेश गरिन्छ । त्यो यस प्रकार छः—

कुनै समयमा सिद्ध मनमुकुन्द बाबा घुम्दै फिर्दै मोरंग राज्यको दक्षिणमा रहेको पुर्णिमा राज्यमा पुगे । त्यहां त्यस समय कुनै मुसलमान नवाब शासन गर्थ्यो । त्यस नबाबका शासनमा पुर्णिया नगरका कुनै हिन्दूलाई राती वास बस्ने इजाजत थिएन । बास बस्नेलाई प्राणदण्ड हुन्थ्यो । संयोगवश त्यहां रात परेको हुंदा एउटा रूखमुनि धुनी रमाएर सिद्ध वास बसे । भोलिपल्ट बिहान यो कुरा चारैतिर फैलियो । नबाबका गुप्तहरूले यो कुरा थाहा पाएर सिद्ध भएका ठाउंमा आई भन्न लागे "नादान काफिर ! तलाई यस नगरमा कुनै हिन्दूले बास बस्नुहुंदैन भन्ने कुरा थाहा थिएन ?" उत्तर स्वाभाविक रूपमा "थिएन" भन्ने मिल्यो । नवाबका कर्मचारीले भन्यो "हिंड् नवाब साहेवकहां, थाहा नपाएको मज्जा चाख्न । उनले जान अस्वीकार गरे । जोगीका छेउमा अगुल्टा र चिम्टा देखेर सहसा त्यसले हात हाल्ने साहस गरेन र उ नवाबकहां जाहेर गर्न गयो । नवाबले सबै कुरा सुनेर त्यस काफिरलाई हात्तीले कुल्चाएर मार्नू भन्ने हुकुम दियो । त्यति आज्ञा पाएर त्यो कर्मचारी हात्तीसारमा गई एउटा मत्ता हात्ती लिएर जोगी भएको ठाउंमा पुग्यो । माहुतेको इशारा पाउनासाथ हात्ती जोगीलाई कुल्चन अघि सऱ्यो । जोगीले त्यस हात्तीका दुबै दांत हातले समातेर मूला उखेले झैं उखेलिदिए । हात्ती चिच्याउंदै आफ्ना पीठका माहुते आदि सबैलाई फ्यांकेर शहरतिर पस्यो र धूमधाम उपद्रो गर्न थाल्यो ।

यता सिद्ध ती दुवै हात्तीका दांत धुनीका छेउमा गाडी आनन्द पूर्वक हरिभजन गर्न लागे । हात्तीबाट पछारिएका केही कर्मचारीले धूलो टकटक्याउंदै नवाबकहां

गएर सबै बेलीबिस्तार सुनाए । नवाबले उत्तिखेरै तिनै कर्मचारीका साथ एउटा ठूलो किस्ती चौरासी व्यंजनले युक्त भोजन सिद्धकहां पठायो । किस्ती लिएर कर्मचारी सिद्धकहां उपस्थित भएर भने–'तपाईं ठूलो फकीर हुनुहुंदोरहेछ । त्यसकारण नवाबले तपाईंको निमित्त चौरासी व्यंजनसहितको भोजन पठाएका छन् लिनुहोओस् ।"

सिद्धले मुसुक्क हांसेर त्यो भोजन हेर्दै नहेरी नवाब साहेबको दया हो मैले पाएं भन्दै नवाबकहां फिर्ता दिने आदेश थिए । राजकर्मचारी पुनः त्यो भोजन लिएर नवाबकहां उपस्थित भए ।

आफना कर्मचारी भोजन फिर्ता लिएर आएको देखी नवाबले सोध्यो के त्यसले भोजन लिएन ? लर्मचारीले उत्तर दिए–'नवाब साहबको दया हो, मैले पाएं अब यो लगेर नवाब साहबलाई देऊ' भनी फिर्ता पठायो । नवाबले कर्मचारीलाई किस्तीको लुगा हटाउने आदेश दियो । आफूले पठाएको गाईका बाछाका टाउकाको ठाउंमा सुंगुरको टाउको देखेर नवाब छक्क पर्‍यो र भन्न लाग्यो 'त्यो फकीर कहां छ, म भेट्न जान्छु ।' राजकर्मचारीले नवाबलाई सिद्धको धुनीमा पुर्‍याए । सिद्ध स्वाभाविक रूपले हरिभजन गरिरहेका थिए ।

नवाबले हात जोडेर सिद्धसित बिन्ति गर्‍यो–'महात्मा, तपाई सांच्चिकै सिद्ध हुनुहुंदोरहेछ । मैले तपाईंलाई कष्ट दिएं माफ पाऊं । तपाई जो आज्ञा हुन्छ म पालन गर्नेछु" भन्दा सिद्धले 'मलाई कुनै कष्ट भएको छैन तिमीलाई माफ छ' भने ।

नवाबले धेरै जिद्दी गरेर "मलाई केही सेवा गर्ने मौका दिनुहोस्" भनी जिद्दी गर्दा सिद्धले नवाबसित २ कुरा मागे । पहिलो कुरा यो थियो यस नगरमा हिन्दूहरू पनि निर्विघ्नतापूर्वक आवास गर्न पाऊन् र अर्को कुरा म यहां एउटा भगवतीको मन्दिर स्थापना गर्छु । त्यसका निमित्त सारा गुठीको व्यवस्था तिमीले गर्नुपर्छ भन्दा नवाबले स्वीकार गर्‍यो र त्यस समयदेखि पुर्णिया नगरमा हिन्दूहरूले वास पाएर कालीको स्थापना भयो र पूजा–आजा पनि चल्न थाल्यो । सिद्धले हात्तीका दांत त्यसै मन्दिरमा राखिदिए जो आज पनि कालीका रूपमा पूजा–आजा गरिंदै छ । यसै समयदेखि मनमुकुन्द बाबालाई औलिया बाबा भनेकामा बिग्रदै आए र औलिया बाबा भएको हो । औलिया भनेको चटकी वा जादूगर पनि हुन्छ । चटकीको जस्तो चमत्कार देखाउने सिद्ध भएको हुंदा औलिया बाबा भनेको पनि हुन सक्तछ । उर्दू भाषामा साधुलाई (फकीरलाई) औलिया पनि भन्दछन् ।

यो माथिको कथाबाट यो ज्ञात भयो–चतरा गद्दी कुनै सेनवंशी राजकुमारद्वारा चलाइएको ठूलो मठ रहेछ । उनी विरक्त भएकोले यसको उत्तराधिकार सन्तान दर सन्तानमा नगै चेलो परंपरामा गयो ।

चतरा गद्दीको भूल स्थान आज जुन ठाउंमा छ पहिले त्यसभन्दा धेरै तल थियो । त्यो गद्दी सारिएको लगभग आधा शताब्दी जति भयो होला । गद्दी सारिनाको कारण कोशीका बाढीको प्रकोप हो भनिन्छ । कुनै समय पुरानो चतरागद्दीमा बाढी आएर एकै रातमा १२ सय जोगी मरे त्यसैको संझनामा आज पनि जोगी–मारा घाट (१) भन्ने छंदैछ । बाढीका प्रकोपले गर्दा यस मठका धेरै पुरातात्विक एवं ऐतिहासिक सामग्री नष्ट भए । पटक पटक सरकार लागेको हुंदा अरू ताम्रपत्र आदि सामाग्री पनि यहां छैनन् । वर्तमान मठ भएका ठाउंमा एकातिर मिल्किराखेको एउटा भग्न भगवतीको मूर्ति छ त्यो निकै कलात्मक छ र त्यसको कलापक्षबाट विचार गर्दा १२ रौं १४ धौं शताब्दीको जस्तो प्रतीत हुन्छ । यसबाहेक अरू कुनै मूर्ति त्यति महत्वका छैनन् । त्यसको मुख्य कारण हो यस मठको स्थान परिवर्तन । वर्तमान मठका वरिपरिका दर्शनीय चीजहरू यस प्रकार छन्:–

१. लालकोट–रंगमहल ।	२. गुदडी ।
३. मनमुकुन्देश्वर ।	४. गद्दी ।
५. काली ।	६. भैरव ।
७. गणेश	८. हनूमान

लालकोट वा रंगमहल

यो वर्तमान चतरागद्दीबाट करीब आधा कोश उत्तर पहाडको टाकुरामा छ । यहां निकै ठूलो भग्नावशेष छ । संभवतः यो चतराका मठाधीशको ग्रीष्म–निवास हो । रंगमहल नामले कुनै राजाको महल हो भन्ने संकेत गर्दछ । यहांबाट कोशीको रमिता देखिन्छ ।

गुदडी

यो मनमुकुन्द बाबाको लुगा हो । यस लुगालाई बडो हिफाजतसाथ मछिन्द्रनाथको भोटो राखें झैं धातुका ठूलो बट्टामा राखिएको छ र प्रत्येक मंगलवार (?) बाहिर निकालेर पूजा गरिन्छ ।

मनमुकुन्देश्वर

यो औलिया बाबाको समाधि हो । यहां औलिया बाबाको शिवलिंगको रूपमा पूजा हुन्छ । संभवतः यो शिवलिंग गद्दी यहां सर्दा सारिएको होला ।

गद्दी

यसैको नामले चतरागद्दी भनिएको हो । यहां अहिलेसम्म पनि कुनै महन्त गद्दीमा बसेका छैनन् । यसै औलिया बाबाले दिएको गद्दीलाई पूजा गरेर बस्छन् र औलिया बाबाका गुदडीलाई गद्दीको अधिकारी मानी पूजा गर्दछन् । यसै गद्दीको महत्वले गर्दा यस मठको नाम चतरागद्दी हुन गयो । काली, भैरव, गणेश र हनूमान्–यी पछि स्थापित भएका देवता हुन् ।

विजयपुर

विजयपुर भन्नासाथ यस शब्दले नेपालका सेन वंशको स्मरण गराउंछ । कारण नेपाल राष्ट्रका निर्माता पृथ्वीनारायण शाहले यिनै सेनवंशीका हातबाट मोरंग जिल्ला लिएका हुन् । त्यस समय मोरंग राज्यको सीमाना पूर्वमा टिस्टा र पश्चिममा कोशीसम्म थियो । यो कुरा हालै प्राप्त भएको एउटा कागतबाट बोध भएको छ । यसमा उल्लेख भएअनुसार पं. तुलारामलाई टिस्टादेखि कोशीसम्मको जजमानी गर्ने स्थायी आदेश दिइएको छ र, त्यसलाई गोरखा राजवंशले पनि थमौती गरेको उल्लेख अर्को कागतबाट पाइन्छ[1] ।

विजयपुर कुन समयमा राजधानीको रूपमा परिणत भयो यस विषयमा केही सबल प्रमाण प्राप्त भएका छैनन् । विजयसेनका पालामा बनेको भन्ने किंवदन्तीसम्म पाइन्छ । तर यी विजयसेन कुन शताब्दीका हुन् र कसरी बनाए त्यसको केही चर्चा सुनिएको छैन । कारण विजयपुरबाट जति सामग्री प्राप्त भएका छन् तिनमा विजयसेनको नाम पाइएको छैन । त्यहांका सामग्रीबाट निम्न लिखित सेन शासक भएको कुरा जनाउंछ ।

क्रम संख्या	राजा वा रानीको नाम	समय	मुकाम	कैफियत
१	हरिश्चन्द्र सेन	वि. सं. १७१९	मोरङ	दुबैको एउटै स्याहामोहर छ ।
२	बुष सेन	वि. सं. १७१९ -		
३	इन्द्रराज राजेश्वरी जीवदेवी	वि. सं. १७६३–	जीतपुर धम्मागत दुवरीआ	
४	मानधाता सेन	वि. सं. १७६४		यसमा राजधानीको नाम मेटिएको छ ।
५	विसन्तर सेन	वि. स. १८०८	विजैपुर	विजैपुर विजयपुरको अपभ्रंश हो
६	कामदत्त सेन	वि. सं. १८१३–१८२२	विजैपुर	

१–यी सबै सामग्रीको नकल राष्ट्रिय अभिलेखालयमा सुरक्षित छन् । प्रायः यी सबै कागजपत्र 'पुरातत्त्व पत्र संग्रह' को दोस्रो भागमा प्रकाशित भइसकेका छन् । उदाहरणका लागि महारानी इन्द्रराजराजेश्वरीदेवी र देवान सीरीकान्त रायका एक एक स्याहमोहर यहाँ प्रस्तुत छन् । (फलक संख्या ४ क, ख र परिशिष्ट १ र २)

मोरंग राज्यको पूर्व र पश्चिमी सीमा प्राय : निश्चित भए पनि उत्तर र दक्षिणका सिमाना घटबढ भै नै रहन्थ्यो । कारण उत्तरमा सिक्किम र किरात प्रदेशका लडाकू जाति थिए र दक्षिणमा पुंड्र (वर्तमान पुर्णियां, प्रदेश थियो । जहां धनधान्यका लागि सधैं युद्ध हुथ्यो । अतः यी दुवै सिमाना शान्ति कायम रहेर एकनासको वातावरण हुनु संभव थिएन ।

बिजयपुर मोरंग राज्यको राजधानी प्रतीत हुन्छ । कारण यहींबाट सेनहरूले जारी गरेका अनेक कागतपत्र प्राप्त भएका छन् । विजयपुरमातहतका दर्शनीय एवं पुरातात्विक स्थलहरू यसप्रकार छन् :

१. दन्तकाली ।
२. पिण्डेश्वर ।
३. बूढा सुब्बा ।
४. तल्लो दरबार(कोट) ।
५. माथिल्लो दरबार ।
६. सांगुरो गढी ।

दन्तकाली

यो स्थान मोरंग जिल्लाको ज्यादै प्रसिद्ध हो । यहांको मूर्ति दांतको आकारको भएको हुनाले दन्तकाली भनिएको हो । यसलाई सतीदेवीको अंग पतन हुंदा दांत पतन भएको पीठ भन्ने पनि चलन छ । तर यो कुनै इतिहाससम्मत कुरा होइन । यी मूर्ति वा प्रस्तर पुरातात्विक र कलात्मक दृष्टिले महत्वको नभए तापनि यसमा भएको जनविश्वासको परंपरा ज्यादै महत्वको छ । कारण दन्तकालीका पुजारी परिवारका एक सदस्य डि. श्री भागवतप्रसादशर्मा खनालका घरमा अहिले पनि सेनदेखि अहिलेसम्मका कागतपत्र, तामूपत्र आदि सामग्री सुरक्षित छन् र सेनहरूले दिएका दन्तकालीका बिर्ता अद्यापि उपभोग गर्दैछन् । उक्त कागतपत्रमा उल्लेख भएका पहिला व्यक्ति तुलाराम देखिन्छन् । दन्तकालीका पुजारीको वंशवृक्ष यस लेखको अन्त्यमा दिएको छ ।

पिण्डेश्वर

यो स्थान दन्तकालीको डांडाबाट करीब आधा पाउतल ओर्लेपछि आउंछ । यहां पिण्डेश्वर महादेवको लिंग स्थापना गरेको छ । यो पनि कलाको दृष्टिले उति महत्वको छैन तर यसप्रति भएको जनविश्वास महत्वको छ । यसलाई कसले स्थापित गऱ्यो त्यसको कहीं उल्लेख पाइंदैन र यो स्थान सरकार लागिरहेको हुंदा यहां कुनै कागतपत्र पाइंदैनन् । यसका नाममा भएको गीर्वाण युद्धविक्रमका पालाको सं १८६८ आषाढ बदि ११ रोज १ र सं. १८६८ आषाड बदि ७ रोज ५ को थमौतीको ताम्रपत्रबाट ज्ञात हुन्छ यसको स्थापना शाहकालभन्दा पूर्वनै भएको हो ।

पिण्डेश्वर महादेवको मन्दिरनजीकै एउटा आर्को देवीको मन्दिर छ जसमा अष्टभुजा महिषमर्दिनी भगवतीको मूर्ति राखिएको छ । यो निकै कलात्मक छ र यसका सम्बन्धमा भनिन्छ यो करीब एक डेड शताब्दीअघि विराटनगरभन्दा ५ कोश उत्तर–पश्चिम इनरवा भन्ने ठाउंबाट खेत खन्दा प्राप्त गरेर यहां ल्याएको हो । यस मन्दिरको स्वर्णगजुरमा रणबहादुर शाहको सं १८४९ माघ सुदि १५ रोज १को अभिलेख प्राप्त भएको छ ।

यस मूर्तिका सम्बन्धमा भनिन्छ २००७ सालसम्म पुजारीबाहेक कसैले दर्शन गर्ने हिम्मत गर्न सकेको थिएन । दर्शन गर्नासाथ भस्म हुन्छ भन्ने जनविश्वास थियो । यस परंपरालाई सर्वप्रथम नेपालका भू. पू. प्रधानमन्त्री श्री मातृकाप्रसाद कोइरालाले २००८ सालमा तोड्नुभयो भन्ने त्यहांका जनताको भनाइ छ ।

यो मूर्तिको कलापक्षबाट विचार गर्दा १३ रौं १४, धौं शताब्दीको प्रतीत हुन्छ यसबाट ज्ञात हुन्छ यो सेनहरूकै शासनकालमा बनेको हो । यो मूर्त्तिको कला सिमरौनगढको शैलीसित अधिक समानता राख्तछ । यसबाहेक पिण्डेश्वरवरिपरि केही मूर्तिहरू राखिएका छन् । ती सबै शाहकालका मात्र छन् । योगी नरहरिनाथले यहां एउटा भग्नशिलापत्र पोखरीको छेउबाट निकाल्नुभएको रहेछ । त्यो सुरेन्द्रविक्रमका पालाको हुंदा त्यति चाख रहेन र अक्षर पनि मेटिएका छन् ।

बूढा सुब्बा

यो स्थान विजयपुर बजारबाट करीब १०० गज

पूर्वमा पर्दछ । यहां निकै बाक्लो बांसघारी छ र यसको बीचमा एउटा कटेरो छ । यसै कटेराभित्रको स्थानलाई बूढा सुब्बा भन्छन् । प्रायः यो किरातीहरूको देवता मानिन्छ । यहां कुनै मूर्ति छैन । संभवतः यो कसैको समाधि हो (फलक ३ क.) ।

यहां भाकल गरेर कुनै कार्य गर्नाले त्यो काम सफल हुन्छ भन्ने ठूलो जनविश्वास छ । जुवाडीहरूका त यी इष्टदेवता नै छन् । यस समाधिप्रति यत्रो जनविश्वास कसरी जम्यो त्यो अनुसन्धानको विषय हुन सक्तछ । यिनका विषयमा यही अनुमान गर्न सकिन्छ यिनी कुनै ठूला सिद्धपुरुष थिए र मृत्युपछि पनि जनताले उनको समाधिलाई पूज्य मान्दै आए र बूढा सिद्धको अपभ्रंश बूढा सुब्बा भयो अथवा गोरखा राजवंशको विजय– यात्रामा साथ दिने कुनै बूढा सुब्बा (लिम्बू) थिए र उनले त्यहीं वीरगति प्राप्त गरेर गोरखालीहरूले आदरका साथ समाधि बनाइदिए र पूजाआजाको व्यवस्था गरिदिए । जुन परंपरा अद्यापि कायमै छ । विज्ञानसंमत नभए तापनि यहांका जनतामा यो विश्वास छ बूढा सुब्बाका वरिपरिका बांसको टुप्पो हुंदैन ठुटे हुन्छ ।

तल्लो दरबार (कोट)

यो स्थान ठीक विजयपुर बजारकै छेउमा छ र यहां चढेर हेर्दा चारैतिर देखिन्छ । यहांको भग्नावशेष सेनहरूको विजयपुर दरबार हो । यो निकै ठूलो भग्नावशेष छ । यहां किसिम किसिमका कुंदेका ढुंगा पाइन्छन् । यस भग्नावशेषको अस्तित्वले गर्दा विजयपुर बजारका मानिसहरूले घर बनाउंदा ढुंगा कहांबाट ल्याउने र कसरी कुंदाउने भन्ने प्रश्नमा ध्यान दिने मौका नै पाएका छैनन् । फलस्वरूप दिनदिनै त्यो पुरातात्विक स्थल लुप्तप्रायः हुन थालेको छ । यो कोट नष्ट भएको मुख्य कारणमा भनिन्छ पहिले मोरंगगोस्वारा विराटनगरभन्दा पूर्व रंगेली भन्ने गाउंमा थियो र त्यो गोस्वारा कर्णेल जीतबहादुर खत्री क्षत्रीका पालामा अर्थात् संवत् १९७१ सालमा विराटनगर सारियो । त्यस समय बडाहाकिम बस्ने घर बनाउंदा यसै विजयपुर गढीको ढुंगा लगेर जग हाल्ने काम गरियो । जसले गर्दा एउटा महत्वपूर्ण पुरातात्विक स्थल धेरै मात्रामा नष्ट भयो । यति हुंदा पनि यो भग्नावशेष निकै बांकी छ । यहांका सेनहरूले यहींबाट हारेका थिए । अतः त्यहां अनेक हतियार र सिक्काहरू लुकाएको हुन सक्तछ र जसले त्यस समयका धेरै कुरा पत्ता लाग्ने संभावना छ ।

माथिल्लो दरबार

तल्लो दरबारबाट करीब आधा कोश उकालो गएपछि माथिल्लो दरबार आउंदछ । यहां ईंटका भग्नावशेष भेटिन्छन् । तर तलको भन्दा यो भग्नावशेष सानो छ । यसकारण अनुमान हुन्छ यो सेनहरूको ग्रीष्मनिवास थियो । यो कुनै खास किल्ला र दरबार प्रतीत हुन्न ।

सांगुरो गढी

यो विजयपुरबाट २ कोश उत्तरमा छ । यसको उचाइ करीब छ हजार फुट होला । यहांबाट सारा मोरंग जिल्लाको रमिता हेर्न सकिन्छ । यो एउटा सैनिक दृष्टिले बनाइएको पुरानो किल्ला हो र यो कुनै राजा वा राजकर्मचारीको आवासस्थल होइन । यहां यसै गढीको देवीको स्थान छ । यहां वरिपरिका जनताको भनाइअनुसार २००७ सालसम्म पालोपहराका लागि सिपाही बस्तथे र पूजाआजा पनि हुन्थ्यो तर अब त्यो व्यवस्था स्वतः खारेज भयो ।

परिशिष्ट–१

महारानी इन्द्रराजराजेश्वरीले चेमजेराय आदिलाई लेखेको पत्र । (फलक ४–क)

।। श्री लह्य श्री⋯⋯जी ।।

१. ।। स्वस्ति श्री रूपनारायणेत्यादिविविधविरूदावली– विराजमान मानोन्नम

२. हाराजा श्री राजहिन्दूपति राजराजेश्वर श्री मद्वीधाता इन्द्रराजराजे

३. श्वरी श्री श्री महारानी जीवदेवीनां सदा शोभागती हावीत्री शचीनाम

४. चेमजेगराये यई आवाराये इन्दराये छुगमीराये, माजीम

५. राये वोआजी राय गवाआ राय शीहा राय श्री···

६. के आशीष पूर्वक पत्रमीदं कार्जन्च आगे पूर्वमह नीमकह

७. राम ही धुम उठी वभूते रामकीश्न थापाले मेजल हैतो

८. पान्चपत्र दरशन तो कीत शोभा शुवा थापा मज-कुरकर···

९. लह्नो बेरीके हानतुजाहि महतोदरे शवके जश होय से कर

१०. तु इती सम्वत् १७६३ साल माह आशीच वदो ६ गद रोमो

११. र जीतपूर पारवानगी धम्मागत दुअरीआं

परिशिष्ट–२

देवान सीरीकान्त रायले तुलाराम पण्डितलाई लेखेको पत्र। (फलक–४ ख)

श्री

।। स्वस्ति राजभारा शामर्थ
श्री देवान सीरीकान्त रायेजी

१. तुलाराम पंन्डीतके मौजे पानवा राम
२. षेगु आवारी ऐक १ वावत महाशी षत्री
३. कका हुनीती नीआ जागीर दीहल आपन
४. षातीरज्मा शौवारीक मरमत करी उतपन्ये
५. गुआ दामपर्म्य सुष भोग्यं करी आशीर्व
६. चन देत रहही ईती शवत १८१७ शाल

माह पूश वदी नौ
३रोज्यो वीजैपुर ३

परिशिष्ट– ३


तुलाराम
रामचन्द्र
रुद्रदत्त
कृष्णबल्लभ
केसवलाल
गङ्गाधर
गङ्गाप्रसाद
चन्द्रदत्त
लक्ष्मीकान्त
विष्णुप्रसाद
जगन्नाथ
मदनलाल
रामबहादुर
दलबहादुर
रामप्रसाद
लक्ष्मीकान्त
इन्द्रलाल
छविलाल
कृष्णप्रसाद
तुलसीप्रसाद
भवानीप्रसाद
कालीप्रसाद
भागवतप्रसाद
सूर्यप्रसाद
भवानीप्रसाद
रमाकान्त
नारायणप्रसाद
भैरवप्रसाद
भोजराज
आनन्दप्रसाद
कृष्णप्रसाद
लालबाबु
विश्वराज
गोपालप्रसाद
रामबाबु
हरिप्रसाद
पदमनाथ
मेदिनीकुमार
भूपेन्द्र
राजेन्द्र
भक्तिविलास
भालचन्द्र
रामप्रसाद
दीपक
केशवप्रसाद
भुवनप्रसाद
शेखर
शम्भुप्रसाद
रसेश
सुरेश



A. Varahakshetra, general view. See page 27.
क. वराहक्षेत्रको एक दृश्य । पृष्ठ २७ ।

B. Varahakshetra, stray sculptures in stone. See page 28
ख. वराहक्षेत्रका विकीर्ण शिलामूर्ति । पृष्ठ २८ ।

A stone image of Lakulisa found in the course of earth work excavation for a road near Varahakshetra. It is now kept in the police station at Dharan. See page 28.

लकुलीश– वराहक्षेत्र जाने बाटो बनाउँदा फेला पारेका ढुंगाको मूर्ति । यो हाल प्रहरीकार्यालय धरानमा राखिएको छ । पृष्ठ २८ ।

A. Budha Subba's tomb at Vijayapur (Dharan). See page 34.
क. बूढा सुब्बाको समाधि, विजयपुर (धरान) । पृष्ठ ३४ ।

B. Varahakshetra, a stray stone image of Varaha. See page 34.
ख. वराहक्षेत्रको विकीर्ण वराहमूर्ति (शिला) । पृष्ठ ३४ ।

A. Shyaha Mohar of Maharani Indraraj Rajesvari issued to Chemje Ray and others. See Page 32.
क. महारानी इन्द्रराज राजेश्वरीले चेम्जे राय आदिलाई लेखेको स्याह मोहर । पृष्ठ ३२ ।



B. Letter issued by Dewan Sirikanta Ray to Tularam Pandit. See page 32.
ख. देवान सीरीकान्त रायले तुलाराम पण्डितलाई लेखेको पत्र । पृष्ठ ३२ ।

Three Early Sculptures[1] in Stone from The National Museum, Kathmandu

By N.R. Banerjee and
B.K. Rijal

A. Yaksha-Bodhisattva Figure From Hadigaon, Kathmandu

A stone figure, fully carved in the round on coarse sandstone of buff colour (pl.V) is displayed in the open air in the premises of the National Museum at Kathmandu. Though fuller details are not readily available, it is stated to have been found in Hadigaon, a thickly inhabited locality in the north-eastern part of Kathmandu. This area has yielded many inscriptions of the Lichchhavis, and considerable deposits of ancient occupation seem to lie under the present habitation.

The torso, in its extant condition, measures 3 ft. 1½ in. in height and 1 ft. 6½ in. in width. The head as well as the feet are broken and not available for study. The figure stands in *samabhanga* and carries broad shoulders upon comparatively slender thighs and feet. The figure wears a *dhoti*, almost diaphanous in character in front but for the indication of the frontal folds, flowing down between the thighs and legs and held in position by means of a girdle *(mekhala)* tied into a knot a little to the right of the central folds. At the rear the *dhoti* follows the outline of the limbs, including the seat and is marked decoratively by obliquely incised grooves in groups of two, three or four. The end *(kachchha)* that goes between the legs and comes up at the rear is marked by four folds and tucked neatly into the upper edge of the *dhoti*. The waist band is also marked decoratively by criss-cross grooves between two longitudinal grooves at the two edges.

The *uttariya* draped over the left shoulder as an *ekamsika* runs diagonally across the back and under the right arm, and the surplus part seems apparently to be supported by the left as in the style of the colossal figure of the Bodhisattva from Sarnath dedicated by Friar Bala, or the colossal figure of Bodhisattva at the Mathura Museum. That the drapery of the *uttariya* in folds was supported on the left hand is also indicated by a vertical end sticking out at the rear.

The left hand with the fist closed and the thumb pointing upward is held against the waist, a little to the fore, as in the style of the Bodhisattva figures from Mathura and Sarnath etc., marking a difference from the Yaksha figures of still earlier date.

The only ornament the figure wears is a *hara*, broken at the front, but with its ends tied at the rear by a neatly made knot with its plaited ends resting against the back. This feature is not entirely absent from the Bodhisattva figure, though the Friar Bala figure from Sarnath, or the Bodhisattva figures from Katra and Anyor (in the Mathura Museum), do not sport any *hara*, and these instead have a deep groove around the neck. It should be noted, however, that the *hara* forms an invariable aspect of the Yaksha or Yakshi figures. Nevertheless, the high relief figures of Bodhisattva in Mathura, Lucknow or Philadelphia, of the same period as

1. We are grateful to Shri War Krishna Shrestha, Muselogist, National Museum, Nepal, for allowing the sculptures described below to be photographed and for information about their findspot etc.

the Sarnath Bodhisattva, are endowed with a neck ornament which either assumes the shape of a V on the chest or is arched as is normal.

The body of the figure is quite stout and sturdy but is more proportionate than the flabbly pot-bellied figures of the Yakshas, or even of the colossal Bodhisattva. But the sparsely prevalent style of wearing the *dhoti* (and also the *saree*) below the navel is anticipated in this figure with a graceful ease.

The distinctive features that mark out Yaksha figures in general are a rotund body with a chubby face, turbanned head, disc-shaped heavy ear-ornaments, a bejewelled *hara* (often more than one), sometimes V shaped, or many-stranded with multiple tasselated ends resting over the back, armlets, a flabby protruding belly, sometimes an *uttariya*, incipiently delineated, going over the left shoulder diagonally across the body (cf. the 2nd century B.C. Yaksha in the Patna Museum), but not spilling over the left arm or resting on the hand as in the case of the Bodhisattva, a lower garment (*dhoti*) reaching at its maximum up to the ankle joint, with pleats of decorative folds between the legs in front, a waist band holding the *dhoti* in its place with its loose ends dangling in the centre and not on the sides as in the case of the Bodhisattvas. Basically, however, the *samabhanga* stance, colossal aspect, *dhoti*, *uttariya*, and the waist band are common to both. As deities both may hold the *amrita patra* in the left hand, and bestow *abhaya* with the other. The Bodhisattvas additionally have an *ushnisha* over the head. Regardless of the close similarities, which have led to the conclusion that the figures of the Bodhisattvas are evolved out of the Yakshas, there are characteristic differences which mark out the former, registering a progress in the quality of sculpturing and elegance of the resultant creation.

The sculpture under consideration is singularly unique in Nepal, being the only specimen of the complex of Yaksha-Bodhisattva figures so far known. Enough has been said above to indicate its divergence, however slight or insignificant, from the basic Yaksha type, and its proclivity towards the Bodhisattva. The absence of the head, as of the hands and feet, makes it, however, difficult to be categorical as to its exact typological or sectarian affinity. The presence of the *hara* in particular, and the style of tying the *kanthahara* at the rear would plead for its assignment to an intermediate phase in chronology between the Yaksha and Bodhisattva types.

It is difficult indeed in the present stage of our knowledge to account for its presence in Nepal, especially because of its antecedents as also of the existence of a yawning gap in style and chronological affiliation between it and the earliest dated sculptural piece known.

B. A Rare Image from Nakshal, Kathmandu

A unique sculptural fragment (pl.VI A & B) of sandstone, in the form of a *kumbha* surmounted by a large single head backed by what appears to be the hoods of a *naga* in the shape of a fan, had been found near the Char Dhunga in the middle of the main street at Nakshal and later removed to the National Museum, where it is now displayed in the open air. It measures 2 ft. 1 in. in height. The anthropomorphic face is much damaged. The upper part of the head is entirely gone. The tip of the long and high nose has been damaged. The left eye is also damaged, but the right eye is indicated by an incised outline. The most peculiar feature of the face is the pair of ear-ornaments in the shape of knobbed wheels of a chariot. The right hand protruding from the flanged and everted rim of the *kumbha* (pitcher) is holding a jewel (*mani*), but the object in the left hand is damaged, and it may be surmised that it is a rosary of beads (*akshamala*).

As to its identification, no conclusive inference can be drawn in the absence of the essential features of identification. Several possibilites are, therefore, considered below. As figures of Agastya, who is also known as *Kumbhayoni*, are rare, it would indeed be farfetched to identify him with Agastya, particularly as the association of snake hoods would preclude such a conception.

Taking the nimbus to be made of the heads of a *naga* such a combination could well apply to Vishnu, who either reclines or sits on a seat made of the coils of Ananta Naga. The presence of the *chakra* in the ears, and of the *mani* in the right hand would point to the plausibility of such an identification.

The absence, however, of any typical aspect of the attributes of Siva, except the possible *akshamala* in the left hand, would preclude also such an identification with Siva.

The piece may, however, with some semblance of plausibility be attempted to be identified with a *Naga*. The survival of the cult of Naga worship in the form of the Naga Panchami festival in the month of Sravana would lend some support to the idea. It is well known that Nagas are delineated both zoomorphically as well as anthropomorphically. In the latter case, the lower part of the body often remains embedded in the waters of the lower region, and the upper part shown as a human figure backed by the outspread hoods of the *naga* is left exposed. This is done, as has been thought, to indicate and emphasize the dual aspects of the Naga cult. It is however interesting to note that the *Vishnudharmottara* prescribes the Naga (Ananta) figure to be carved with four hands, carrying a lotus and a pestle in the right, and a ploughshare and conch shell in the left, recalling Balarama, who was an incarnation of Ananta who is after all identified or associated with Vishnu himself. Hemadri, quoting from *Mayasamhita*, prescribed two tongues, seven hoods with jewels, and *akshasutras* held in the hands with a curling tail for the Naga figure.

In the present instance seven hoods can be accommodated in the nimbus. The *mani* can be traced in the right hand, and the *akshasutra* in the left hand. The tail is perhaps replaced by the *kumbha* or pot, as the figure was probably intended for worship in a duly installed shrine and the kumbha-shaped vase easily lent itself to a firm installation. The probability of this an identification of the piece is merely suggested in the absence of corroborative evidence and not at all emphasized.

If on the contrary the circle or nimbus were to represent a lotus, the sculpture might point to different directions in regard to identification.

As to the date, we are again in difficulties. The dimmed features of the face are the only evidence to go by. The chubby face, with well-proportioned form or outlines, the thick lips, and the sculpturing in the round would indicate considerable progress in sculptural art from the rudimentary stages of early endeavours. The absence of antecedents or parallel examples in Nepal or elsewhere complicates the task. To hazard a date with any expectation of near-accuracy would be braving a risk. Nevertheless, we would assign this piece tentatively to an intermediate stage in chronology between the Yaksha-Bodhisattva figure described above and the earliest dated (A.D.467) sculptural panel of Vishnu Vikranta from Lajimpat, in view of its developmental form.

C.Uma-Mahesvara at Siku Bahi (Patan)

The recent discovery[1] of an inscribed sculptural panel of Uma-Mahesvara in sand-

1. It was discovered on the 12th July 1968 by Shri B.K. Rijal. It has been noticed in the Gorkha Patra of the 27th July (Sravana 12, 2025 V.S.).

stone at Lalitpur (Patan) has lent further support to the view tentatively set forth in the first number of this journal about the early evolution of the cult and image of the twin deities in Nepal.[1] The panel is standing to the right (east) of the road leading from Lalitpur to the bridge accross the Bagmati at Sankhamula, in the locality known as Siku Bahi. It is situated about 150 yards to the south of the Sankhamula Ghat, 300 yards to west of the Jagat Narayana temple, and a little to the north of the Chamunda temple.

The stele with the figures carved on its face in nearly full relief is damaged at the top and the broken outline of the panel has been made up with cement and lime to provide a conical backdrop. The extant portion of the panel measures 2 ft. 6 in. in length and 2 ft. 3 in. in height. The stone employed is yellowish grey in colour and is marked sparsely by reddish spots (pl. VII A).

The sculpture is further distinguished by the inscription engraved on the pedestal, which is part and parcel of the carved slab. Only the topmost line of the seven-lined Purva-Lichchavi inscription was first noticed, and the remaining six lines were exposed to view by the excavation of the base. The inscription is dated in the year 495 which works out to A.D. 573. It thus represents the earliest inscribed image of Uma-Mahesvara so far known in Nepal.

The earliest inscribed and dated image in Nepal is the Lajimpat panel of Vishnu-Vaikrantamurti[2] dated to the year 389 working out to A.D. 467.

The inscription recently found at Siku Bahi (pls.VII B & VIII) is damaged at several places. Nevertheless it is possible to read it satisfactorily.[3]

It refers in the third line to the installation (*sthapita*) of earthen (clay or terracotta) images of the Mothers by some one of an unknown *gotra*, their damage in course of time and about thoughts of restoration and repairs in the fourth fourth line (*pratisamskarakriya chintita*) by Babhruvarma, and to the making of a stony (*sailyah*) image, in the last line, by Desa Bhattarika, mother of the nephew, Desavarma, of Babhruvarma. It is clear therefore that the earlier clay or terracotta image with or without the shrine ever it underwent some damage after its primary installation, necessitating a later repair, or restoration of the image or construction of the shrine in stone.

The time-lag between the two events could not have been more than 25 years, as it happened in the lifetime of Desavarma, nephew (*bhratusputra*) of Babhruvarma,[4] after the latter had expired (*tasyaiva kalagatsya*).

1. N.R. Banerjee, 'A Note on the Iconography of Uma-Mahesvara in Nepal', **Ancient Nepal, No. 1.**
2. This panel was housed for a long time in the central hall of the Bir-Pustakalaya (Trichandra College Building), Kathmandu. But it has recently been shifted to the National Museum at Kathmandu, where it may be seen. A later replica of it, but carrying the identical inscription and date, is even new standing in the midst of a field at Tilganga on the eastern bank of the Bagmati, opposite the Pasupati temple at Deo Patan.
3. As the matter was going to press, the text of the inscription with a translation in Nepali was published by the **Purnima**, Vol.17,pp.76-79. The photograph of the estampage, as made by Shri Hem Raj Sakya Epigraphist of the Department, is being published here for the convenience of readers. The prior publication in the **Purnima** makes it helpful to all concerned.
4. Several diversely damaged inscriptions of Ganadeva have been found earlier. But the one at Balambu of the year 482, mentions a person as **'Ba-Varma'**, serving as the messenger (*dutaka*) as published in **Purnima**, Vol, 10. p.4. It can now perhaps be conceded that the *dtuaka* Ba-Varma of the Balambu inscription may well have been Babhruvarma and identifiable with Babhruvarma of the Siku Bahi inscription. If so, Babhruvarma of the Siku Bahi inscription would have held a highly respectable and powerful position in the governmental hierarchy. It would also indicate that Babhruvarma was alive in the year 482, but dead before the year 495.

A. Stone figure of Yaksha-Bodhisattva (National Museum, Nepal). See pages 37 & 38.
क. यक्ष– बोधिसत्त्वको मूर्ति (राष्ट्रिय संग्रहालय, नेपाल)। पृष्ठ ३७ र ३८ ।

B. Rear view of Yaksha-Bodhisattva (National Museum, Nepal). See Pages 37 & 38.
ख. यक्ष--बोधिसत्वको मूर्ति (राष्ट्रिय संग्रहालय, नेपाल) पृष्ठ ३७ र ३८. ।

A. Naga (?) on *ghata* (National Museum, Nepal). See pages 38 & 39.
क. पूर्णकलशमा नागमूर्ति ? (राष्ट्रिय संग्रहालय, नेपाल) । पृष्ठ ३८ र ३९ ।



B. Naga (?) on *ghata* (National Museum, Nepal), near view. See, pages. 38 & 39.
ख. पूर्णकलशमा नागमूर्ति (?) (राष्ट्रिय संग्रहालय, नेपाल) पृष्ठ ३८ र ३९ ।



A. Uma-Mahesvara Stone panel in Siku Bahi, Lalitpur. See pages 39 & 34.
क. सिकुबहीमा उमा- महेश्वरको शिलामूर्ति । पृष्ठ ३९ र ३४ ।



B. The inscribed pedestal of the Uma-Mahesvara panel at Siku Bahi, Lalitpur. See pages 40 & 34.
ख. उमामहेश्वर मूर्तिको पादपीठमा रहेको अभिलेख (सिकुबही, ललितपुर) । पृष्ठ ४० र ३४ ।

Estampage of the inscription on the pedestal of Uma-Mahesvara panel at Siku Bahi, Lalitpur. See pages 40 & 43.

उमामहेश्वरको पादपीठमा रहेको अभिलेखको प्रतिलिपि । पृष्ठ ४०–४३ ।

At the earliest, therefore, the older clay panel could be dated to *circa* A.D. 550, shortly before the reign of Ganadeva (560–67 A.D.)

Siva is shown in the panel as seated in *sukhasana*, in *samabhanga* (erect) posture, and is looking frontally. It is rather unfortunate that the face has been damaged. Though he should be carrying the *jatabhara*, the hedagear is to be made out, but the outlines of the eyes are easily traceable. The nose is completely damaged. Though not very distinct, probably the right ear has the *sarpa-kundala* resting over the shoulder. The face is robustly rotund as is characteristic of early sculpturing. There are at least two *kanthaharas* round the neck.

The figure is strikingly two-handed. The right arm is folded at the elbow to facilitate the holding of a *mani* in the hand before the thigh. The left elbow rests on the shoulder or back of Uma and holds a flower.

The right leg is folded at the knee and the foot is planted, rather crudely, on plain rock, in a niche especially cut to accommodate it. The left leg is folded beneath the seat. The *udarabandha* of Siva is a modern accreiton, being done up wistfully in cement.

Siva wears a *dhoti*, held together at the waist by a double-lined *mekhala*.

The *medhra* is in *urddhvarteas* aspect, recalling the imagery of Kalidasa invoked in the *Malavikagnimitram*.[1]

This itself would be indicative of its early date and bring this piece into the same class as that of the Siva figures of the Uma-Mahesvara panel in Dugahiti at Sankhu and at Ganchanani (Lalitpur).[2] The *dhoti* is marked with decorative lines, as became a common practice in the sculptures from the seventh century onwards. The beginnings of the decorative drapery can, therefore, be traced back to this image. It is not clear if Siva was provided with any *uttariya*.

It may be mentioned in passing that part of the right arm has also been done up crudely in lime-cement mortar.

The figure of Uma is to the proper left of Siva, overlapping the figure of the consort only slightly at the rear. She is decidedly in *atibhanga* posture, and is almost leaning against the left arm and knee of Siva, which gently serve as props to her supple body.

The face of Uma is completely damaged. She is sitting sideways on her haunches on the bare rock, supporting herself partially on the right hand firmly planted on the base, with the ends of her *uttariya* serving as cushion. The left arm is stretched forward and is supported upon the left knee. Being damaged, the entire length of the arm has been patched up in lime-cement mortar. The lower garment is not especially indicated, but the folds in front stretch forward along the contours of the legs. The breasts are not plump, but are realisticallly executed, with their proclivities following the posture of the body. As in the case of Siva, the *udarabandha* is a modern acceretion.

The plumpness of the figures, the somewhat stunted hands and legs (in the case of Siva), the complete absence of the attendant figures on the sides, and presumably in the upper parts of the stele as well, the delineation of the figure of Siva with two arms, the crudenes and imbalance of the niche for Siva's right foot, and the absence of either the tiger-

1. Banerjee, Ancient Nepal, No. 1, p. 28.
2. *Ibid.*, pp. 26, 28; pls. X A and X B.

skin or cushion seat are ample indications of the early date of the sculpture. It is also considered that the stele at the Chamunda temple has the figure of Kumara in it, but it has practically no *prabhamandala* whereas in this case, it was very much there though it is difficult to be categorical about the figures that may have been carved on the *prabhamandala*, since it is broken and gone. Nevertheless, the faint traces of incised designs at the rear of both Siva and Uma would probably indicate the delineation of the peacock of Kumara, though it is again a matter of surmise, which, alas, cannot be emphasized. The practice of delineating the presence of Kumara either by the Kumara figure, with or without the peacock, or merely by the peacock had been the vogue in Nepal as exemplified in several specimens, the earliest of which would go back to the sixth century (vide the Kumarasambhava panels of Naghaltole or Bangemudha in Kathmandu).

